# अध्याय : एक

# शोध अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक विकासोन्मुख विविध भाषा, धर्म, संस्कृति, जातजाति र हावापानी भएको विश्वको एक सानो भूपरिवेष्टित राज्य हो । विविध भाषा, धर्म, साँस्कृतिक र भू-बनावटीय र हावापानी विविधता भएजस्तै यहाँको सामाजिक सद्भावका दृष्टिले अनेकतामा एकतामूलक पाइन्छ । एकतामुलक रहेर बसेतापनि विभिन्न समाजका आ-आफ्नै छुट्टै रितीरिवाज, धर्म, संस्कार छन्, सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक दृष्टिकोणले एकरूपता भने पाइदैन ।

हाल विश्वव्यापी रूपमा विकासले तीव्र गति लिएको अवस्थामा आधुनिकीकरण, शहरीकरण, साँस्कृतिकरण, परनिर्भरताले गर्दा नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा नयाँ अन्वेषणको कार्य भन्दा पनि विकृत साँस्कृतिकरणले गर्दा प्राचीनसमयदेखि सद्भावपूर्ण समाजमा पश्चिमिकरण शैली भित्रिएको छ । जुन शैलीले प्रत्यक्ष रूपमा सानाभन्दा साना नाबालकहरूमा असर परेको छ । धार्मिक परम्परा अनुसार समाजमा छोरीलाई भन्दा बढी छोरोलाई महत्व दिने, हालको आधुनिकीकरणले गर्भमा नै छोराछोरी छुट्टिने हुँदा छोरा भए गर्भाथाम र छोरी भए गर्भपतन जस्ता कार्यहरू दिनप्रतिदिन बढ्दै गएको, त्यस्तैगरी विवाह पश्चात् सम्बन्ध विच्छेदका घटनाक्रमले गर्दा तिनीहरूबाट जन्मेका नाबालकहरू अलपत्र परेका घटनाहरू, अकस्मात् बाबुआमा दुवै गुमाउँदा संरक्षकको अभावमा अलपत्र परेका नाबालकको अवस्था साथसाथै बढ्दो गरिबीपनले पनि बच्चाहरूको पालनपोषण गर्न नसकी अलपत्र परेका र अबैधानिक यौन सम्पर्कबाट जन्मी बाबुआमाको ठेगान नभई अलपत्र परेका नाबालकहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको तीतो यथार्थ पाउन सकिन्छ (Bhargava, 2003)।

'बालबालिका' भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई सम्झनुपर्दछ । त्यस्तैगरी बालबालिकाको सम्बन्धमा "बालबालिकाको अधिकार सम्बन्धी सरोकार" नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका

बालबालिकाहरूलाई जनाउँदछ http://www. unicef.org/crc/crc.htm. retrieved on 20th January, 2015।

नेपालको अन्तरिम संविधान २०६३ अनुसार "बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार" भन्ने उद्घोसका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रूपले आवाज बुलन्द गरेको भएता पनि अत्यन्त गरिवी, सामान्य हातमुख जोर्न पनि धौ-धौ परेका, बाबुआमाको माया सद्भावबाट टाडिएका, अवैधानिक यौन सम्पर्कबाट जन्मेका बालबालिकाहरू, बाल हिंसामा परेका, बाबुआमा नै को हुन् भन्ने पहिचान नभएका, बालबालिकाहरू अलपत्र परी बाध्यताबस सडकमा आउन बाध्य भएका छन् । कतिपय बालबच्चाहरूको आमा बुबा, जात जातीयता, धर्म फरक-फरक भएका कारण, जन्मदा नै बच्चाहरू असक्तताको कारण, लैङ्गिक विभेदीकरणका कारण, अनि मानव अधिकारको नाउँमा बञ्चित हुन पुगेका छन् (Joshi, 2003)।

साना-साना बालबालिकाहरूलाई आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले बलियो बनाउन सकेमा त्यो देशको विकास द्रुत गतिले अगाडि बढ्न सक्छ । बालबच्चाहरूका निम्ति आधारभूत स्थाइ सुचकहरू सिकाई, बुझाई, पढाई, खेलाई साथसाथै स्वास्थ्य, सुरक्षा, लगायत उनीहरूको इच्छा अनुरूपको मायाममता आवश्यक पर्दछ । यस्ता कुराहरूहमा नकरात्मक भाव नराखी सकरात्मक रूपबाट सहकार्य गर्नु जरुरी हुन्छ (Child Welfare Society, 1996) । यिनै बालबच्चाहरूलाई हतियार बनाई बुज्रुक भन्नेहरू, राष्ट्रनिर्माण कर्ताहरूले नै आ-आफ्ना स्वार्थका निम्ति विभिन्न विध्वंसतात्मक कार्यमा लादिएको पाइन्छ । कारण बालबच्चाहको कलिलो दिमागमा ठेस पुगी सडकसम्म भौतारिन पनि बाध्य भएको पाइन्छ । घरपरिवार, समाज, समुदाय र समग्र राष्ट्रप्रतिको कर्तव्य पालन, बोध गराउने खालका नीति नियमको अभावले गर्दा र हाल विकसित मुलुकले फालेका नकरात्मक, विकृतिजन्य क्रियाकलापहरूको नक्कलीकरणले गर्दा समग्र राष्ट्र ठूलो समस्यामा जकडिएको पाइन्छ (KC, 2010)।

बालबालिकाको अधिकारको सम्बन्धमा व्यवस्थित ढङ्गबाट आवाज उठेको धेरै भएको छैन । तर पनि झण्डै डेड दशकको यस अवधिमा बाल अधिकार बारेमा समुदायदेखि नीति निर्माणको तहसम्म सचेतना बढाउने क्रम भने धेरै नै बढिरहेको छ । नेपाली जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका बालबालिकाको अधिकारको संरक्षण र प्रर्वधन गर्ने निकायहरू

सचेत र क्रियासिल हुनु जरुरी छ (Child Welfare Society, 1996) । बालबालिकाका विषयलाई प्राथमिकता दिइनु आवश्यक छ । अन्यथा बालबालिकाको उचित किसिमले विकास हुन सक्दैन । बालबालिकाको अधिकारको सम्बन्धमा अन्तराष्ट्रिय दस्तावेजहरू निर्माण भएका छन्, मापदण्ड बनाइएका छन् । जसको व्यवहारिक कार्यान्वयनका निम्ति थुप्रै प्रयत्नहरू पनि भइरहेका छन् । यस क्रममा दायित्व वहन गर्नुपर्ने पक्षहरूलाई दायित्वबोध गराउन तथा सोको सही ढङ्गले उपयोग गर्न सम्बन्धित सरोकारवालाहरूलाई सचते गराउन आवश्यक छ (Pradhan, 1980)।

नेपालमा अनाथ बालबालिकाहरूको संरक्षण एवम् कल्याणकारी कार्यको लागि सरकारी, गैरसरकारी, निजी संघसंस्थाहरू थुप्रै छन् तापनि सबै संघसंस्थाले सबैखाले निरिह, बेसहारा बालबालिकाको कल्याणको निमित्त कार्य गर्न सकिरहेको पाइँदैन । कास्की जिल्लाका २ वटा नगरपालिका लगायत सम्पूर्ण गा.वि.स.मा बालबालिकाको कानुनी संरक्षणको निमित्त सन् २००४ देखि युनिसेफको सहयोगमा पारालिगल समितिहरू गठन भएपछि ठूलो मात्रामा बालबालिकाविरुद्ध भएका घटनाहरूको उजुरी सुनुवाई भएको पाइन्छ । जिल्लामा सञ्चालन रहेको निःशुल्क बाल हेल्पलाईन (१०९८) मा बालबालिकाका गुनासाहरू आएतापनि उल्लेख्य मात्रामा सुनुवाई हुन सकिरहेको छैन (Acharya, 2002)। बाल न्याय प्रणालीलाई सुदृढिकरण गर्न कास्की जिल्लामा सीमित मात्राका बालगृह सञ्चालनमा रहेका छन् । बाल अधिकारको संरक्षण एवम् सम्बर्द्धनको लागि जिल्ला बाल कल्याण समितिको मातहतमा रहेका जिल्ला बाल संरक्षण समिति र गाउँ बाल संरक्षण समितिहरू पनि कार्यरत रहेका छन् । कास्की जिल्लाको सन्दर्भमा हेर्दा जिल्ला विभिन्न संघसंस्थाहरू एच.आई.भि. र एड्स संक्रमित तथा प्रभावित बालबालिकाको अधिकारको संरक्षणको क्षेत्रमा कार्यरत देखिन्छन् । बालमैत्री स्थानीय शासन जिल्ला समितिले पनि नीतिगत रूपमै बालबालिकाको अधिकारको संरक्षणलाई प्राथमिकतामा राखेको पाइन्छ (बालबालिकाको स्थिति, २०७०) ।

मानव कल्याणको हितको निम्ति सामुदायिक भावनाले ओतप्रोत भई समुदायका मानिसहरू मिली खोलिएको नमस्ते बालगृहमा कस्तो पारिवारिक पृष्ठभूमिका, कस्तो संस्कारका, कुन समुदायका, कस्तो आर्थिक स्थितिका साथै केकति कारणले बालबालिकाहरू अनाथ एवम् अलपत्र पर्न जान्छन्, कसरी उनीहरू आश्रय स्थलसम्म पुग्न सफल हुन्छन्, यस्ता

बालबालिकाहरूलाई के कसरी संरक्षण दिइएको छ भन्ने उत्सुकताकासाथ यो अध्ययन गर्न खोजिएको हो ।

## १.२ समस्याको कथन

आजका बालबालिका भोलिका निम्ति राष्ट्रका जिम्मेवार नागरिक हुने हुँदा यस्ता बालबालिकाको भविष्य निर्माणका निम्ति पहिले नै सोच्नु पर्ने आवश्यकता हुन्छ । बालबालिका भनेका एउटा काँचो माटो हो, जसलाई चाहे अनुरूपको अवस्थामा ढाल्न सकिन्छ । जसरी कुमालेको चक्रमा काँचो गिलो माटोलाई उसको इच्छा अनुरूपको साधन निर्माण गर्न जान्छ, त्यसरी नै यस्ता साना बालबालिकाको सिकाईमा पनि तीनलाई जस्तो वातावरण दियो उस्तै बन्ने हुँदा भोलिका दिनमा बालबालिकाहरूबाट ठूलो प्रतिफल प्राप्त गर्नको निमित्त सुरुदेखि नै सही मार्गनिर्देशन गर्नु जरुरी हुन्छ ।

अहिलेको विश्व परिवेशमा विश्वव्यापीकरण, आधुनिकीकरण, साँस्कृतिकरणले गर्दा हाम्रो पारम्परिक रूपबाटै समुन्नत हुँदै आएको समाजमा खलल पुग्न गएको पाइन्छ । अर्कोतर्फ आफ्नो समाजसंस्कृति अनुरूपको सकरात्मक कुराहरूलाई त्याग्दै आफुबाट समुन्नतको बाटो खोज्नु भन्दा पनि अर्काको नक्कल गरी विकास आधुनिकताको आफ्नो समाज संस्कृतिसँग मेल नखाने खालका क्रियाकलापहरू भित्रीदै आएको पाइन्छ । विकसित राष्ट्रहरूले सहजताको नाउँमा आफ्नो धर्म, संस्कार साथै उत्पादन र रवाफ अल्पविकसित गरिवी राष्ट्रमा फिंजाउँदै जानु, तिनै वस्तुहरूमा परनिर्भर बन्दै जानुले उनीहरूको जालोमा फस्न पुगको पाइन्छ । जसले गर्दा धार्मिक द्वन्द, जातीय द्वन्द, वर्गीय द्वन्द, सामाजिक द्वन्द, राजनैतिक अस्थिरता उत्पन्न भएको पाइन्छ ।

अत्यधिक सुखसयल, भोगविलासको लालसाले गाउँका मानिसहरू शहरतिर स्थानान्तरण गर्नु एकतर्फ छँदै छ भने अर्कोतर्फ गरिबी, बेरोजगारी, राजनैतिक अस्थिरताले गर्दा गाउँघरमा जीवन विताउन गाऱ्हो अवस्था भएको छ । अनेको विघा जमिनहरू बाझोमा परिणत हुँदै गएका छन् । लोभ र प्रलोभनले राष्ट्रिय नीति फितलो भएका कारणले कयौं विदेशीहरू संघ संस्थाहरू खोली बाहिर उदारभाव देखाउने मनसायले करोडौ डलर खर्च गरी धर्म प्रचारप्रसार साथसाथै मिलेर बसेको समाजलाई तहसनहस बनाउने वातावरण सिर्जना भएको पाइन्छ । जसमा परिवार, समाज, राष्ट्रप्रतिको मायामोहमा कम हुँदै गएको पाउन

सकिन्छ । जसको उपज नै मानिस अधर्मी, व्यक्तिवादी सोचाइ  परिवार, सन्तानप्रतिको गैर जिम्मेवारीपनको असर लाखौ वच्चाहरूमा परेको छ । यस्ता विकृत कारणले साना बालबालिकाहरू असंरक्षित र बेसहारा बन्न पुगेका छन् । नेपालमा विगतको १० वर्षे द्वन्दकालले राजनीतिक अस्थिरता, जसले निम्त्याएको बसाइँसराई, शहरीकरण, न्यून आर्थिकता, रोजीरोटीको लागि धर्म संस्कार किनबेचले पनि बालबालिकाहरू असंरक्षित बन्दै गएका छन् । हिजोआज शहरी क्षेत्रमा यस्ता असंरक्षित बालबालिकाहरू दिनप्रतिदिन वृद्धि हुँदै गएको पाइन्छ ।

असंरक्षित बालबच्चाहरूको जगेर्ना गर्ने, उनीहरूको हक अधिकारलाई कुण्ठित हुनबाट जोगाउने हेतुले थुप्रै बाल आरक्षण केन्द्र र संघसंस्थाले कार्य गर्दै आएका छन् । यस्ता बालबालिकाको अवस्थाको बारेमा थुप्रै अध्ययनहरू भएका छन् । जस्तो कि बच्चाको हेरचाह र सामाजिकरण शीर्षकमा (Adhikari, 2067), "समुदायद्वारा पोखराका सडक बालबालिका लाई सचेतना सम्बन्धी अध्ययन" (Basnet, 2009), नेपालका घरमा राखिएका बालश्रमिकको सामाजिक-आर्थिक अवस्था पत्ता लगाउनु एक घटना अध्ययन, पोखरा उपमहानगरपालिका वडा नं. ७ र ८" (Chhetri, 2014) "सडक बालबालिकाको सामाजिक-आर्थिक अवस्था बुझ्नु पोखराको एक घटना अध्ययन" (Kirti, 2011), "सडक बालबालिकाको अवस्था एक अध्ययन, बुटबल नगरपालिका" (K.C., 2010) शोध अध्ययन रहेका छन् भने, नमस्ते सामुदायिक प्रतिष्ठानद्वारा सञ्चालित नमस्ते बालगृहमा बालबालिकाहरू केकति कारणले आउन पुग्छन् । त्यस्ता बालगृहमा संरक्षण लिनुपर्ने कारणहरूको पहिचान गर्न एवम् संरक्षित भैसकेका बालबालिकाहरू कसरी पुनरस्थापित हुन्छन् भन्ने सन्दर्भमा शोध अध्ययन नभएको कारण यस्ता बालबालिकाको संरक्षकत्व भूमिका निभाउने नमस्ते सामुदायिक प्रतिष्ठानद्वारा सञ्चालित बालगृहमा आश्रित बालबालिकाहरूको सामाजिक पृष्ठभूमि साथै बालगृह आउनुपूर्व र पश्चात्को अवस्था पहिचान गर्नका लागि यो अध्ययन गर्न खोजिएको हो । यस्ता असंरक्षित बालबच्चाहरूलाई बालगृहमा संरक्षण दिन किन आवश्यक पऱ्यो? कस्तो-कस्तो समस्याका बाबजुत बच्चाहरू बालगृहमा आइपुग्छन्? के कारणले गर्दा यस्ता असंरक्षित बालबच्चाहरूको वृद्धि दर बढ्दै गएको छ? बालबालिकाको बालगृह आउनु पूर्व र पश्चात्को अवस्था कस्तो रहेको छ ? भन्ने मुख्य समस्याहरूलाई केलाउनको निम्ति यो अध्ययन गर्न खोजिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

कास्की जिल्ला, पो.उ.म.न.पा. वडा नं.-६, बैदाम अवस्थित नमस्ते सामुदायिक फाउण्डेसनलद्वारा सञ्चालित २ वटा बालगृहमा बसोबास गरेका बालबालिकाहरूको अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उद्देश्य हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू यस प्रकार छन् :

- आश्रित बालबालिका अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु ।
- बालबालिकाहरू सो गृह आउनु पूर्व एवम् पश्चात्को अवस्था पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्त्व

कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. ६, बैदाममा नमस्ते सामुदायिक प्रतिष्ठानद्वारा सञ्चालित बालगृहले विगत ७ वर्षदेखि निरन्तर रूपमा अनाथ तथा असहाय बालबालिकाको संरक्षण तथा पुर्नस्थापना गरि करिव १५० अर्ध टुहुरा बालबालिकालाई छात्रवृत्ति, महिला सशक्तिकरण तथा हस्तकला लगायत अन्य क्रियाकलापहरू गरी समाजिक उत्थानमा योगदान पुऱ्याउन सफल भएको र मुख्य रूपमा असहाय बालबच्चाको उत्थानको निमित्त उल्लेखनीय योगदान गरेकोले यस क्षेत्रको अध्ययन गर्न जरुरी भएको हो । यस शोध अध्ययनमा नमस्ते सामुदायिक प्रतिष्ठानले बालबालिकालाई संरक्षणको लागि कस्तो योजना बनाएको छ? संरक्षण पूर्व र पश्चात् बालबालिकाहरूको अवस्था कस्तो रहेको छ ? आदि अध्ययन नै प्रमुख महत्वका विषयहरू बन्नेछन् । यस्ता बालबालिकाहरूको संरक्षणले सामाजिक संरचनामा कस्तो टेवा पुऱ्याउँदछ र समाजमा २०६३ सालको अन्तरिम संविधानमा उल्लेख भए अनुसार “बालबालिकाहरूको बाच्न पाउने नैसर्गिक अधिकार” उक्तिलाई सार्थक तुल्याउने कार्य गरेको छ या छैन भन्नेतर्फ केन्द्रित छ । उक्त बालगृहले समाजमा पुऱ्याएको सेवाले सम्पूर्ण मानव जगत लगायत सरकारी, गैह्रसरकारी, निजी संघसंस्था, उद्योगी, व्यापारी लगायत जोकोहीलाई पनि यी कलिला मष्तिष्कका बच्चाहरूको भविष्य सम्बन्धी भावी योजना बनाउन मद्दत पुग्दछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन पो.उ.म.न.पा.वडा नं. ६ बैदाममा अवस्थित नमस्ते सामुदायिक प्रतिष्ठानद्वारा सञ्चालित २ वटा बालगृह नमस्ते  र ओन्नी बालगृहमा आश्रित बालबालिकाहरूमा मात्र सीमित छ ।

## १.६ मुख्य शब्दावलीहरूको परिभाषा

शोध अध्ययन अनुसन्धान प्रयोजनार्थ प्रयोग भएका विशिष्ट प्राविधिक शब्दहरूको प्रयोगले शोध अध्ययनको बारेमा पाठकलाई कठिनाइ नआओस् भन्ने उद्देश्यले यहाँ पारिभाषिक शब्दको परिभाषा प्रस्तुत गरिएको छ ।

**पहिचानः** नमस्ते बालगृहमा संरक्षित बालबालिकाहरूको अवस्था बारे यथार्थ जानकारी ।

**संरक्षणः** गरिवी या अन्य सामाजिक क्रियाकलापले अलपत्र परेका बालबालिकाहरूको सम्पूर्ण स्याहार सुसार गर्नु ।

**बालगृहः** बेसहारा, असहाय, बालबालिकाको निम्ति संरक्षण गर्ने उद्देश्यले समुदायद्वारा निर्मित भवन ।

**नमस्ते सामुदायिक प्रतिष्ठानः** अनाथ, बेसहारा बालबालिकाको संरक्षण लगायत अन्य सामाजिक सशक्तिकरण पुऱ्याउने उद्देश्यले खोलिएको एक सामाजिक संस्था ।

**आश्रितः** बालगृहमा आश्रय दिइएका अनाथ बालबालिकाहरू ।

**वेसहाराः** नजिकको सम्बन्ध (बाबुआमा) गुमाएका बालबालिकाहरू ।

**अति गरिवः** पुर्खौदेखि आफ्नो चल/अचल सम्पत्ति केही नभएका, बाढीपीडित, द्वन्दपीडित लगायत भैपरी आउने दुर्घटनाले आफ्नो सर्वस्व गुमाएका ।

**गरिव बालबालिकाः** आफुसँग भएको चल अचल सम्पत्तिबाट महिनादिनसम्म पनि गुजारा चलाउन धौ धौ पर्ने साथै पूर्ण रूपमा परिश्रमको भर पर्नुपर्ने ।

## १.७ सङ्गठनात्मक ढाँचा

यस अध्ययनको पहिलो अध्यायमा सम्बन्धित शोध अध्ययनको परिचय दिइएको छ । दोस्रो अध्यायमा शोध अध्ययनलाई प्रष्ट्याउनको निमित्त पूर्व साहित्यको अध्ययन अनुसन्धान समावेस गरिएको छ । शोध अध्ययन कहाँ गर्ने, कसरी गर्ने, कुन अनुसन्धान पद्धति अपनाउने भन्ने जानकारी तेस्रो अध्यायमा गरिएको छ । त्यस्तैगरी चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय साथसाथै उत्तरदाताको सामाजिक पृष्ठभूमि केलाइको छ । पाँचौ अध्यायमा संरक्षित बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु र छैटौ अध्यायमा बालबालिकाहरू सो गृहमा आउनु पूर्वको अवस्था र आएपश्चातको अवस्थाको विश्लेषण गरिएको छ । अन्तिम अर्थात् सातौ अध्यायमा समग्र शोध अध्ययनको सारांश, मुख्य उपलब्धीहरू र निष्कर्षका आधारमा सम्बन्धित पक्षलाई सुझाव समेत दिइएको छ ।

# अध्याय : दुई

# साहित्यको पुनरावलोकन

## २.१ बालबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

### २.१.१ विश्वमा बालबालिकाको अवस्था

बालबालिका जन्मनुपूर्व तथा जन्मेपछि १८ वर्ष पूरा नभएसम्म आवश्यक पर्ने सबै आधारभूत आवश्यकता तथा अवसरहरू प्राप्त गर्ने कानुनी हैसियतलाई नै बाल अधिकार भनिन्छ । संसारमा हुने जुनसुकै प्राकृतिक तथा मानव सृजित विपत्तिको पहिलो शिकार भने बालबालिका नै हुने गरेका छन् । सन् १९६० तिरको दशकतिर विश्वमा झण्डै २ करोड बालबालिकाहरूले आफ्नो पाँचौ जन्मदिन मनाउन पाउँदैनथे । हाल यो संख्या घटेर १ करोड भन्दा कम भैसकेको छ (बालबालिकाको अवस्था, २०१२) । विश्वव्यापी रूपमा सञ्चालन गरिएका पोलियो, दादुरा, भिटामिन 'ए' जस्ता कार्यक्रमहरूको सफलताले बालबालिकाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन मद्धत गरेको हो । स्वच्छ खानेपानीको उपलब्धतामा सरसफाइको अवस्थामा सुधार आएको छ । शिक्षाको विकाससँगै आम मानिसहरूमा आएको चेतनाले निराशजनक तथ्याङ्कहरू घटाउँदै लगेका हुन् । विश्वमा अझै धेरै बालबालिका न्युमोनिया र झाडापखालाबाट ज्यान गुमाउन बाध्य छन् । बालमृत्युको ५० प्रतिशत स्थान त कुपोषणले नै लिइरहेको छ । गर्भावस्था र प्रसुतीको समयमा उचित स्याहार र हेरचाहको अभावमा कयौं आमा तथा नवजात शिशुको मृत्यु संख्याले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युको झण्डै ४० प्रतिशत हिस्सा ओगटेको छ (बालबालिकाको अवस्था, २०१२) ।

विश्वमा बालबालिकाहरूको अवस्थाको बारेमा सन् २०१२ मा युनिसेफले तयार गरेको एक अध्ययनको तथ्याङ्कलाई तालिका २.१ बाट विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका २.१:  विश्वमा बालबालिकाको अवस्था

| जनसंख्या सम्बन्धी सूचकहरू | विश्व | द.एसिया | नेपाल |
|---|---|---|---|
| १८ वर्षमुनिको जनसंख्या (सन्२०१०) | २२०११८०००० | ६१२६४९००० | १२८७४००० |
| ५ वर्ष मुनिको जनसंख्या (सन् २०१०) | ६३,३९,३३,००० | १७,५१,४६,००० | ३५,०६,००० |
| बालमृत्युदर ५ वर्ष मुनिको (सन् २०१०) | ५७ | ६७ | ५० |
| बालमृत्युदर १ वर्ष मुनिको (सन् २०१०) | ४० | ५२ | ४१ |
| बाल मृत्युदर २८ दिन भित्रको सन् (२०१०) | २३ | ३३ | २८ |
| मातृमृत्युदर प्रति एक लाख जिवित जन्ममा सन् (२००८) | २६० | २९० | ३८० |
| तालिम प्राप्त स्वास्थ्य कर्मीको सहायता शिशु जन्मेको दर २००६-२०१० | ६७ | ४८ | १९ |

स्रोतः विश्वमा बालबालिकाको अवस्था २०१२, युनिसेफ ।

माथिको तालिका २.१ बाट सन् २०१० को तथ्याङ्क अनुसार विश्व, दक्षिण एसिया र नेपालको सन्दर्भमा १८ वर्ष र ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको जनसङ्ख्या उल्लेख गरिएको छ । त्यस्तैगरी ५ वर्ष र १ वर्ष मुनिका लगायत २८ दिन भन्दा कमका बाल मृत्युदर प्रष्ट पारिएको छ। यस तथ्यको अलवा मातृमृत्युदर प्रति एक लाख जिवित जन्ममा र तालिम प्राप्त स्वास्थ्य कर्मीको सहायताबाट शिशु जन्मेको दर पनि प्रष्ट्याइएको छ।

साना-साना असाय बालबालिकाहरूको बाँच्न पाउने अधिकारलाई ध्यानमा राखी बालश्रममा परेका, जन्मेको ठेगाना नै नखुलेका, १५ वर्ष भन्दा मुनि र १८ वर्ष भन्दा मुनि विवाह गरी बसेका विश्वभरिको बालबालिकको युनिसेफले निकालेको तथ्याङ्कलाई तलको तालिका २.२ मार्फत् प्रतिशतमा प्रस्तुत गरिएको छ।

तालिका २.२: बाल संरक्षण (प्रतिशतमा)

| जनसंख्या सम्बन्धी सूचकहरू | | विश्व | द.एसिया | नेपाल |
|---|---|---|---|---|
| | बालिका | १६ | १२ | ३८ |
| बालश्रम (प्रतिशतमा) (२०००-२०१०) | बालक | १७ | १३ | ३० |
| जन्मदर्ता (०-५) वर्ष २००-२०१० | | ५१ | ३६ | ३५ |
| १५ वर्षको उमेरभित्र भएको बालविवाह (२०००-२०१०) | | १२ | १८ | १० |
| १८ वर्षको उमेरभित्र भएको बालविवाह प्रतिशतमा (२०००-२०१०) | | ३५ | ४६ | ५१ |

स्रोतः विश्वमा बालबालिकाको अवस्था २०१२, युनिसेफ ।

तालिका २.२ अनुसार पनि बालसंरक्षण लागि समग्र विश्वको, द.एसिया र नेपालको सन्दर्भमा बालश्रम, जन्मदर्ता (०-५) वर्ष, १५ वर्षभित्र बालविवाह एवम् १८ वर्ष उमेरभित्र भएका बालविवाहको तथ्याङ्क प्रतिशतको आधारमा देखाइएको छ ।

## २.१.२ नेपालमा बालबालिकाको अवस्था

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर २.२५ प्रतिशत प्रतिवर्ष रहेको छ । सन् २०६८ को जनसंख्या अनुसार १४ वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या १,०१,६८,५०० रहेको देखिएको छ । जुन कुल जनसंख्या २,८५,८४,९७५ मध्येको ३५.५७ प्रतिशत हो (नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०६८) । नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २००६ अनुसार कुल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्ष भन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रति हजार र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ । स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं. २०६६ सालमा कूल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ । जसमा २,४६,३६९ (४६.८६%) बालक र २,७९,३४६(५३.१%) बालिका रहेका थिए । वि.सं. २०६८ सालको जनगणनाको प्रतिवेदन अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ । जुन तथ्याङ्क अनुसार समग्र मुलुकको ठूलो जनसङ्ख्याको हिस्सा बालबालिका र

युवायुवती रहेको प्रमाणित गर्दछ । सन् २००१-२०११ को अवधिमा बालबालिकाको जन्मदर ४.१ बाट घटेर २.६ भएको छ (CBS, 2012)।

### २.१.३ नेपालमा बाल संरक्षण सम्बन्धी नीति

बालबालिका सम्बन्धी आधुनिक इतिहास धेरै लामो छैन । प्राचीन नेपालमा कानुनी संरचना हिन्दु दर्शनमा आधारित थियो । सांस्कृतिक रूपबाट नै नेपाली समाजमा बालबालिकाले एउटा खास प्रकारको स्थान र व्यवहार पाउँथे । संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले अनुमोदन नगरुञ्जेलसम्म नेपालमा बालबालिकाका लागि कुनै खास कनुन थिएन । सन् १९९० मा महासन्धिको कानुन अनुमोदन गरेपछि नै बालबालिका सम्बन्धी कानुन बनाउन सुरुवात भयो । बालबालिका सम्बन्धी ऐन २०४८ नेपालको पहिलो कानुनी दस्तावेज हो । जसमा बाल अधिकार र उनीहरूको हितसम्बन्धी विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ । यो बाहेक अन्य विभिन्न सहयोगी कानुनहरू मुलुकी ऐन २०२०, बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६, बालन्याय कार्यविधि नियमावली, २०६३, मानव बेचविखन तथा ओसारपसार ऐन, २०६४, हरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ रहेका छन् । बाल अधिकारको सम्बन्धमा नेपालको अन्तरिम संविधान २०६३ ले महत्वपूर्ण स्थान राखेको पाइन्छ । जसबाट बालबालिकाको हित, संरक्षण र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । बाल संरक्षण र हितका लागि नेपाल सरकारले १० वर्षीय कार्ययोजना (२००४/०५-२०१४/१५), बालश्रम सम्बन्धी गुरुयोजना (२००४-२०१४), सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना (२००१-२०१५), आदि हुन् । त्यसैगरी बालबालिकासम्बन्धी कानुन, योजना, नीति र कार्यक्रम आदिको कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रिय बाल कल्याण समिति स्थापना गरिएका छन् ।

नेपाल सरकारले बालसंरक्षणलाई अत्यन्त प्राथमिकताको क्षेत्रमा राखेको छ । केही कानुन, नीति र कार्यक्रमहरू वा संरक्षणको विषयलाई सम्बोधन गर्न निकै कोशिस भएका छन् । सरकारबाट प्रयास हुँदाहुँदै पनि बालसंरक्षणका कार्यक्रममा प्रशस्तै समस्या देखिएका छन् । नेपाल त्यस्तो मुलुकहरूमा पर्छ, जहाँ बालश्रम सर्वत्र व्याप्त छ । सम्पूर्ण बालबालिकामध्ये करिव ४०% बालबालिका अर्थउपार्जनको लागि काम गर्छन्, ती मध्ये आधाजसो अथवा त्यसको ५०% बालबालिका बालश्रममै छन् र ३९% जोखिमपूर्ण काममा संलग्न छन् (विश्व श्रम सङ्गठन र केन्द्रिय तथ्याङ्क विभाग, २०११) ।

### २.१.४ बालबालिकाको अवस्था

हाल धेरै बालबालिका परिवार विहिन अवस्थामा परिसकेका छन् र तिनीहरू बाबुआमाको हेरचाह र परिवारको संरक्षणबाट बञ्चित छन् । केही बालगृह बालबालिकाको हेरचाह, संरक्षण र आश्रयका लागि संस्थागत रूपमा स्थापना भएका छन् । नेपालमा त्यस्ता संस्था करिव १,००० को सङ्ख्यामा छन्, जसमा करिव १५,००० बालबालिका राखिएका छन् । (CBS, 2012) । धेरैजसो बालबालिकाहरूमाथि गरिने दुरव्यवहार र शोषण आश्रय दिइरहेका व्यक्तित्वहरूबाटै गरिएको तथ्याङ्क पनि पाइन्छ । यसरी संरक्षित व्यक्तित्वहरूबाट नै बालबालिका माथि घरेलु हिंसा हुने दुर्व्यवहार हुने हुँदा यस्ता जानकारीहरू मुस्किलले मात्र बाहिर आउँछन् जुन तथ्याङ् लिन कठिनाई परेको पाइन्छ । सचेतनाको अभावले बालबालिका माथि उचित हेरचाह पुऱ्याउन नसक्नाले बालबालिकामाथि बाबुआमाले गर्ने क्रियाकलाप, गरिवी, खाद्य, असुरक्षा कमजोर आर्थिक स्थितिले गर्दा विभिन्न क्षेत्रबाट बालबालिकामाथि गरिने दण्डहिनताका व्यवहारहरू पनि घरेलु हिंसा अन्तर्गत पर्दछन् । त्यस्तैगरी विद्यालयहरूमा अनुशासनका नाममा दिइने शारीरिक दण्ड पनि हिंसाको प्रमुख कारण हो (युनिसेफ, २०११) । बालसंरक्षणको क्षेत्रमा बालबालिकामाथि हुने दुर्व्यवहार एक गम्भीर समस्या हो । यौनदुर्व्यवहारका घटनाहरू निकै नै डरलाग्दा छन् । इन्सेकको प्रतिवेदन (२०१२) अनुसार सन् २०११ मा मात्र महिला र बालबालिकामाथि बलात्कारका घटना ३२८ रहेका थिए र ती मध्ये ११ जना बालिका र महिला बलात्कारपछि मारिए । यसरी यौन दुराचारका घटना बालक भन्दा बालिकामाथि बढि भएको तथ्याङ्क छ ।

### २.१.५ कास्की जिल्लाको बालबालिकाको जनसंख्या

बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ अनुसार बालबालिका भन्नाले १८ वर्ष भन्दा कम उमेरको मानवलाई बुभिन्छ । तर राष्ट्रिय कानुनले बालबालिकाको उमेर तोकेको सन्दर्भमा त्यहि मान्य हुने हुनाले नेपालको सन्दर्भमा बालबालिकाको अधिकारको संरक्षण गर्न बनेको ऐन, २०४८ अनुसार बालबालिका भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेका मानिसलाई बुभिन्छ । देशको जनसंख्या सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने एक मात्र आधिकारिक निकाय केन्द्रीय तथ्याङ्क विभाग हो । केन्द्रिय तथ्याङ्क विभागद्वारा प्रकाशित राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार कास्की जिल्लाको कूल जनसंख्या

४९२,०९८ रहेको जसमा पुरुष २३६३८५ र महिला २५५७१३ रहेका छन् भने बालबालिकाको जनसंख्याको यथार्थ स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.३: जिल्लाका बालबालिकाको कूल जनसंख्या**

| उमेर समूह | वि.सं. २०५८ (सन् २००१) | | | वि.सं. २०६८ (सन् २०११) | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ०-४ वर्ष | २०,६०२ | २१९९८ | ४२,६०० | १७,३४५ | १९,७६१ | ३७,१०६ |
| ५-९ वर्ष | २०,८९९ | २१,६१६ | ४२,५१५ | २२,६४२ | २४,४१४ | ४७,०५६ |
| १०-१४ वर्ष | २३,३५२ | २३,०५८ | ४६,४१० | २७,९७५ | ३०,०६८ | ५८,०४३ |
| १५-१८ वर्ष | २३,०११ | २३,०९५ | ४६,१०६ | २८,५५४ | ३०,७३९ | ५९,२९३ |
| **जम्मा** | ८७,८६४ | ८९,७६७ | १,७७,६३१ | ९६,५१६ | १,०४,९८२ | २,०१,४९८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८ ।

तालिका २.३ अनुसार नेपालमा १०।१० वर्षभित्र गरिने जनगणना २०५८ र २०६८ अनुसार भर्खर जन्मेदेखि १८ वर्षभित्रका बालबालिकाहरूको यथार्थ तथ्य प्रस्तुत गरिएको छ । जसमा वि.सं २०५८ को जनगणनामा कुल जनसंख्या मध्ये १८ वर्ष मुनिका बालिकाहरूको संख्या ८७,८६४ र बालकको संख्या ८९,७६७ गरी जम्मा १,७७,६३१ रहेको पाइन्छ । त्यस्तैगरी वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको बालिकाको संख्या ९६५१६ र बालकको १,०४,९८२ गरी जम्मा २,०१,४९८ रहेको पाउन सकिन्छ ।

## २.१.६ बालबालिकाका सम्बन्धी संरक्षण गर्ने संस्था एवम् निकाय

बालबालिकाको शारीरिक, मानसिक संवेगात्मक, सामाजिक नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकरात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुन सक्ने हानिहरू एवम् उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक लगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने जोखिमको पहिचान तथा रोकथाम, पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुर्नस्थापना र पीडकलाई कानुनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् ।

बालबालिकालाई नकरात्मक अनुभव दिने सबै कारक तत्वहरूबाट जोगाउनुपर्ने हुन्छ । त्यसको लागि उनिहरूलाई मुख्यतः भेदभाव, दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, जोखिमपूर्ण काम, युद्ध, बेचविखन, ओसारपसार, वेवास्ता, कुलत, लागू पदार्थको दुर्व्यसन आदिबाट जोगाई कानुनी संरक्षण दिलाउनुपर्ने हुन्छ । बालबालिकाको अधिकार प्राप्तीको सन्दर्भमा व्याख्या गर्दा यिनै नकरात्मक कुराहरूदेखि बालबालिकालाई गरिएको संरक्षणलाई मुख्य रूपमा हेरिनुपर्दछ ।

### २.१.७ श्रमिकका रूपमा कार्यरत बालबालिका

कुनैपनि बालबालिकालाई उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु नै बालश्रम हो । संरक्षणको दृष्टिले विभिन्न जोखिममा रहेका बालबालिकाले अरु विभिन्न जोखिमहरूको सामना गर्नुपर्न भएकाले बालश्रमलाई बालबालिकाको जोखिमहरूको कारण र असर दुवै रूपमा लिनुपर्ने हुन्छ । त्यसैले कलिलो उमेरमै श्रम बेचेर बाँच्न बाध्य बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएको बालबालिकाको रूपमा लिनुपर्ने हुन्छ । त्यसमा पनि निष्कृष्ट प्रकारको श्रममा संलग्न बालबालिकालाई अझ बढि प्राथमिकता दिइनुपर्ने हुन्छ ।

बालश्रम निषेध र (नियमित) गर्ने ऐन, २०५६ ले १४ वर्ष मुनिका बालबालिकालाई श्रममा लगाउन नपाइने व्यवस्था गरेको छ । यद्यपी नेपालमा श्रममा संलग्न रहेका त्यो उमेर समुहका बालबालिकाको संख्या उल्लेख्य रहेको छ । केन्द्रिय तथ्याङ्क विभागको प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ को तथ्याङ्क अनुसार ५ वर्ष देखि १४ वर्षी उमेर समुहका बालबालिकामध्ये आर्थिक क्रियाकलापमा संलग्न बालबालिका ३३.९ प्रतिशत देखिएका छन् । औसत रूपमा एकजना बालक/बालिकाले प्रति हप्ता १८ घण्टा काम गर्ने सो तथ्याङ्क देखाएको छ (Pradhan, 2006)।

आधाभन्दा बढि शहरी जनसंख्या रहेको कास्की जिल्लामा बढ्दो शहरीकरण र औद्योगिकरणले बालबालिकाले श्रममा संलग्नता दरमा कस्तो प्रभाव पारेको छ त्यस बारेमा जिल्ला स्तरमा कुनैपनि अध्ययन नभएको अवस्थामा सन् २०१० मा मात्रै यूनिसेफको सहयोगमा र सम्वन्धित नगरपालिकासँगको सहकार्यमा सिविन नेपाल नामक गैरसरकारी संस्थाले कास्की जिल्लामा पोखरा र लेखनाथ गरि दुई नगर क्षेत्रभित्र श्रममा रहेका

बालबालिकाको सर्भेक्षण सम्पन्न गरेको छ । उक्त सर्वेक्षण कार्यका लागि नगर क्षेत्रका प्रत्येक घरधुरीमै पुगि घरधुरी सर्भेक्षण गरिएको थियो भने सर्भेक्षण कार्य सन् २०१० को अगाष्टदेखि सेप्टेम्वरसम्म गरिएको थियो । सो सर्भेक्षणको प्रतिवेदन अनुसार बालबलिकाहरू विभिन्न १४ प्रकारका श्रमका क्षेत्रका कार्यरत रहेका छन् । पोखरा नगर क्षेत्रभित्र जम्मा १३८३, जना र लेखनाथ नगर कार्यभित्र जम्मा ८९ जन बालाबालिका बालश्रममा संलग्न भएको पाइएको छ । पोखरा नगर क्षेत्रका श्रमिक बालबालिकामध्ये ४१ प्रतिशत र लेखनाथ नगर क्षेत्रका श्रमिक बालबालिकामध्ये ५८ प्रतिशत बालबालिका १४ वर्षभन्दा कम उमेरका रहेका छन् । प्रत्येक श्रमिक बालबालिकाको दैनिक औषत कार्य घण्टा ६ घण्टा भन्दा बढी नै रहेको छ (पो.उ.म.न.पा.को वार्षिक रिपोर्ट, २०७१) । यस तथ्यलाई अझ प्रष्ट पार्नको निमित्त तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका २.४: पोखरा र लेखनाथ नगर क्षेत्रमा रहेका श्रमिक बालबालिकाहरू**

| क्र.स | श्रमको क्षेत्र | पोखरा नगर क्षेत्र | | | लेखनाथ नगर क्षेत्र | | |
|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | घरेलु बालश्रम | ३९५ | २९३ | ६०८ | ३८ | १४ | ५२ |
| २ | होटल तथा रेष्टुरेण्ट | ८७ | १६२ | २४९ | ५ | ८ | १३ |
| ३ | ग्यारेज/ वर्कसप | ३ | १०६ | १०९ | - | १ | १ |
| ४ | निर्माण क्षेत्र | २४ | ८३ | १०७ | १ | ६ | ७ |
| ५ | यातयातको क्षेत्र | २ | ४१ | ४३ | - | १ | १ |
| ६ | बालुवा खानी | ११ | २५ | ३६ | - | - | - |
| ७ | कृषि क्षेत्र | २० | ३१ | ५१ | २ | - | २ |
| ८ | सडक क्षेत्र | १ | १० | ११ | - | - | - |
| ९ | मनोरञ्जनको क्षेत्र | - | २ | २ | - | - | - |
| १० | डुङ्गाको क्षेत्र | - | २ | २ | - | - | - |
| ११ | अन्य | २२ | १४३ | १६५ | २ | ११ | १३ |
| **जम्मा** | | ५६५ | ८१८ | १३८३ | ४८ | ४१ | ८९ |

श्रोत : पो.उ.म.न.पा.को वार्षिक रिपोर्ट, २०७० ।

माथिको तालिका २.४ मार्फत् पोखरा उ.म.न.पा र ले.न.पा. भित्रका श्रमिक बालबालिकाहरू कार्यरत रहेको स्थान र उनीहरूको संलग्नता प्रस्तुत गरिएको छ । जसमा घरेलु बालश्रम,

होटल तथा रेष्टुरेण्ट, ग्यारेज, वर्कसप, निर्माण क्षेत्र, यातायातको क्षेत्र, बालुवा खानी, कृषि क्षेत्र, सडक, मनोरञ्जन, डुङ्गा व्यवसायी साथसाथै अन्य विविध क्षेत्रमा संलग्नता भएको पाइन्छ ।

### २.१.८ लागु औषध प्रयोग गर्ने बालबालिका

लागु औषधले मानिसलाई शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा समेत विचलित गराउने गर्दछ । मुलुकको ठुला-ठुला शहरहरू लागु औषध प्रयोगकर्ताहरूको संख्या उच्च रहेको छ । पोखरा जस्तो ठूलो शहर भएको कास्की जिल्लामा पनि लागू औषध प्रयोगकर्ताको संख्या दिनप्रतिदिन बढ्दो छ । लागू औषध प्रयोगकर्ताहरूको पुनस्थापनाको क्षेत्रमा कार्यरत संघसंसथहरूसँगको समन्वयमा कम्युनिटि सर्पोट ग्रुप-पोखराले तयार पारेको तथ्याङ्क अनुसार कास्की जिल्लामा लागु औषध प्रयोग गर्ने १० देखि १४ वर्ष सम्मका बालकहरूको संख्या १९५ रहेको छ जसमध्ये १६० जनाले डेन्ड्राइड सुँघ्ने गर्दछन् र बाँकी ३५ जनाले ट्वावलेट लगायतका खाने लागु औषध प्रयोगकर्ताको रूपमा देखिएका छैनन् । त्यसैगरि १५ देखि १८ वर्षको उमेर समुहमा ६२ जना बालिक र ११४ जना बालकहरू लागु औषध प्रयोग गर्ने गर्दछन् । सबै उमेर समूहमा गरी जिल्लामा जम्मा ४११ जना बालबालिकाले लागु औषध प्रयोग गर्ने गरेका छन् (कास्कीका बालबालिकाको स्थिति, २०७०) । यो तथ्याङ्कमा रक्सी वा गाँजा वा दुवै प्रयोग गर्नेहरूको संख्यालाई भने समावेश गरिएको छैन । यो तथ्यलाई अझ प्रष्ट पार्न तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका २.५: लागु औषध प्रयोग गर्ने बालबालिका

| उमेर समुह | लागुऔषध प्रयोगकर्ताको संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | |
| ९ वर्ष सम्मका | - | - | - | |
| १० - १४ वर्ष | - | १९५ | १९५ | जसमध्ये १६० जना डेन्ड्राईड सुँघ्ने रहेका |
| १५- १८ वर्ष | ६२ | १५४ | २१६ | |
| जम्मा | ६२ | ३४१ | ४११ | |

स्रोत : कम्युनिटि सपोर्ट ग्रुप, २०६८ ।

यो तथ्याङ्कले बालबलिकाहरू पनि दुर्व्यसनमा संलग्न रहेको देखाउँछ । लागु औषधको प्रयोग जस्तो दुर्व्यसनमा लागेका बालबालिकाहरूको पुनर्स्थापनाको लागि जिल्लामा कम्युनिटि सपोर्ट ग्रुप लगायतका गैह्र सरकारी संस्थाहरूले मनोपरामर्श लगायतका सेवा उपलब्ध गराईरहेका छन् ।

## २.१.९ **सशस्त्र द्वन्द्व प्रभावित बालबालिका**

जुनसुकै प्राकृतिक प्रकोप वा द्वन्द्वबाट भएपनि सर्वप्रथम बालबालिकाहरू नै बढी प्रभावित भएको पाइन्छ । सशस्त्र द्वन्द्वको प्रत्यक्ष असर, लगायत त्यसका आर्थिक, सामाजिक एवम् सांस्कृतिक प्रभावहरूले बालबालिकाहरूलाई नकरात्मक असर पार्ने गर्छन् । नेपालको एक दशक लामो सशस्त्र द्वन्द्वले नेपालमा धेरै बालबालिकाहरूमा नकरात्मक प्रभाव परेको छ । सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूलाई तत्काल राहतका कार्यक्रमहरू सञ्चालन गर्नु राज्यको दायित्व अन्तर्गत पर्दछ ।

पछिल्लो एक वर्षमा कास्की जिल्लामा सशस्त्र द्वन्द्वको प्रभाव नरहेकाले यस अवधिमा कुनै पनि बालबालिका द्वन्द्व प्रभावित हुनु नपरेको कुरा यस क्षेत्रमा कार्यरत अधिकारवादी संस्था इन्सेकले जनाएको छ । तर विगतको एक दशक लामो सशस्त्र द्वन्द्वमा कास्की जिल्लामा जम्मा १६ जना बालबालिका प्रभावित भएको पाइन्छ । उक्त तथ्यलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका २.८ विगतको सशस्त्र द्वन्द्वबाट पीडित भएका बालबालिकाको विवरण**

| घटनाको प्रकृति | पीडित भएका बालबालिकाको विवरण | | |
|---|---|---|---|
| | बालिका | बालक | जम्मा |
| मृत्यु | २ | २ | ४ |
| बाबु वा आमा मध्ये एक वेपता पारिएका | ७ | ५ | १२ |
| **जम्मा** | ९ | ७ | १६ |

स्रोतः इन्सेक क्षेत्रीय कार्यालय, पोखरा, २०७० ।

माथिको तालिका २.८ मा सशस्त्र द्वन्दबाट पीडित भएका बालबालिकाहरूको जसले आमा बुबा दुवै गुमाउने बाबुआमा मध्ये एक गुमाउनेको विवरण प्रस्तुत गरिएको छ ।

## २.१.१० एच.आइ.भी. र एड्स संक्रमित तथा प्रभावित बालबालिका

मानव शरीरको रोग प्रतिरोधात्मकशक्तिमा ह्रास ल्याउने जिवाणुलाई एच.आई.भी भनिन्छ । एच.आई.भी संक्रमणको अन्तिम अवस्थालाई एड्स भनिन्छ । यूएन एड्सद्वारा प्रकाशित Global Facts and Figures, 2009 का अनुसार सन् २००८ मा ३३.४ मिलियन मानिसहरू एच.आई.भि.को संक्रमणमा रहेका छन् भने दुइ मिलियन मानिसहरूको एड्सका कारण मृत्यु भएको छ । त्यस्तै गरी सन् २००८ मा करिव चार लाख ३० हजार बालबालिका एच.आई.भी. संक्रमित भएर जन्मिएका छन् । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, (२००७० का अनुसार नेपालमा ६९,७९० जना व्यक्तिहरू एच.आई.भि. र एड्सको समस्यामा परेको अनुमान गरिएको छ । ती मध्ये १५ वर्ष मुनिका १८५७ जना बालबालिका र बाँकी ६७९३३ जना वयस्कहरू रहेका छन् । कास्की जिल्लामा विभिन्न जिल्लाबाट आई बसोबास गरेका १२२७ जना बयस्क मानिसहरू एच.आई.भि.बाट संक्रमित छन् जसमा महिला ५०८ जना र पुरुष ७१९ जना रहेको पाइन्छ भने संक्रमित बालबालिकाको संख्या भने शुन्य रहेको पाइन्छ (जिल्ला एड्स समन्वय समिति, २०७०) । उक्त तथ्यलाई तलको तालिकाबाट पनि प्रष्ट्याउने प्रयास गरिएको छ ।

तालिका २.६: **एचआइभी संक्रमित वयस्क तथा बालबलिकाको संख्या**

| वयस्क | | | बालबालिका | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | बालिका | बालक | जम्मा |
| ५०८ | ७१९ | १२७ | अप्राप्त | अप्राप्त | १२७ |

स्रोत : जिल्ला एड्स समन्वय समिति, कास्की, २०७० असार ।

तालिका २.६ अनुसार एच.आई.भि.बाट संक्रमित वयस्कहरूमा महिला ५०८, पुरुष ७१९ गरी जम्मा १२७ जना र बालबालिकाको सन्दर्भमा तथ्य अप्राप्त भएको पाइन्छ ।

## २..१.११ बाल हेल्पलाईन (१०९८) र बाल संरक्षण

नेपाल सरकारले जोखिम एवम् आपत्कालिन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार एवम् संरक्षण गर्ने उद्देश्य देशका विभिन्न स्थानमा टोल फ्रि फोन नं. (१०९८) सहितको बाल हेल्पलाइन कार्यक्रम संचालनमा ल्याएको छ । पोखरामा यस बाल हेल्पलाइन

कार्यक्रमको सञ्चालन सिबिन नेपाल नामक गैह्रसरकारी संस्थाले गर्दै आएको छ । आपतकालिन अवस्थामा रहेका तत्काल उद्धार गर्नुपर्ने अवस्थामा रहेका बालबलिकाको उद्धार एवम् संरक्षणका लागि स्वयम् बालबालिका वा जो कोहीले पनि यो नि:शुल्क फोन नं. १०९८ मा सम्पर्क गरी सूचना उपलब्ध गराउन सकिन्छ । सो अबधिमा बाल हेल्पलाईन मा दर्ता भएका घटनाहरू र पिडित भएका बालबालिकाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.७ बाल हेल्पलाईनमा दर्ता भएका घटनाहरूको विवरण**

| क्र.स | घटनाको विवरण | पीडित बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १ | शारीरिक दुव्यर्वहार | ६ | ४ | १० |
| २ | योन दुर्व्यवहार | ४ | ० | ४ |
| ३ | श्रम शोषण | ४ | ० | ४ |
| ४ | बाल विवाह | १ | ० | १ |
| ५ | बालबालिका भेटिएको | १३ | २५ | ३५ |
| ६ | बालबालिका हराएको | ७ | ३ | १० |
| ७ | टुहुरा बनेको | १ | ० | १ |
| ८ | छोडिएका | ४ | ५ | १ |
| ९ | त्यागिएका | २ | १ | ३ |
| १० | अपाङ्गता सम्बन्धी | ० | १ | १ |
| ११ | मृत्यु | २ | ० | २ |
| १२ | विरामी | २ | ४ | ६ |
| १३ | दुर्घटना | ० | २ | २ |
| १४ | बाल विज्याई | ० | २ | २ |
| १५ | शैक्षिक सहयोग | ० | १ | १ |
| १६ | वेवास्ता | ४ | ४ | ८ |
| १७ | अन्य | २ | ० | २ |
| **जम्मा** | | **५२** | **५१** | **१०३** |

श्रोत : सिविन बालहेल्पलाईन पोखरा, २०७० ।

माथिको तालिका २.७ मा बालबालिकाहरूप्रति गरि गतिविधिहरूको बालहेल्पलाइनमा दर्ता भएका घटनाहरूको विवरण जस्तो शारीरिक दुव्यवहार, यौन दुर्व्यवहार, श्रमशोषण, बाल विवाह, बालबालिका भेटिएका, बालबालिकाहरू हराएको, टुहुरा बनेका, त्यसै वेवास्ता गरिएको, बाबुआमा अजिम्मेवार भई त्यागिएका, अपाङ्गता सम्बन्धी मृत्यु, विरामी, दुर्घटना, बाल विज्याई, शैक्षिक सहयोग, वेवास्ता, साथै अन्य घटनाहरूको जानकारी गराइएको छ ।

## २.१.१२ कारागारमा आश्रितको रूपमा रहेका बालबालिका

विशेष संरक्षणको आवश्यकता भएका बालबलिका मध्ये कारागारमा बाबु वा आमासँग आश्रितको रूपमा रहेका बालबालिकालाई पनि लिनुपर्न हुन्छ । त्यहाँ रहँदा बालबालिकाको मनोसामाजिक अवस्थामा प्रतिकुल असर पर्ने र उनीहरूको समग्र विकासमा हानी हुने देखिन्छ । तर पनि बालबलिकालाई आफुसँग राखीएमा कैदमा रहनुपर्ने समय घट्न जाने कारणले बालबालिकालाई छोड्ने ठाँउ नहुनाले र बालबालिकालाई आमाको दुध खुवाउनुपर्ने कारणले पनि कैदमा रहनुपर्ने मानिसहरूले आफ्ना नाबालका छोरा छोरीहरूलाई आफुँसग कैदमा राख्ने गरेको देखिन्छ ।

कास्की जिल्लामा कारागारमा आश्रित बालबालिकाको संख्या निश्चित नै हुँदैन । अभिभावकहरू कारागारमा थपिने क्रमसँगै अश्रित बालबालिका पनि थपिने सम्भावनाका कारण यो सङ्ख्या अनिश्चित हुने गर्दछ । कास्कीको कारागारमा अभिभावकसँग आश्रितको रूपमा आउने बालबालिकालाई यस जिल्लामा कार्यरत विभिन्न आवासीय बालगृहहरूमा संरक्षणका लागि पठाउने गरिएको छ । बालबालिका कारागारमा आीश्रतको रूपमा रहेका सूचना आउनसाथ त्यस्ता बालबालिकालाई यहाँको विभिन्न बालगृहहरूमा पठाउने गरिएको कारण बालबालिका यहाँका विभिन्न बालगृहहरूमा पठाउने गरिएको कारण बालबालिकालाई धेरै दिन कारगारमा आश्रित भई रहनुपर्ने अवस्था भने कास्की जिल्लामा रहेको छैन । त्यसैले नै २०७० सालको असार महिनाको तथ्याङ्क हेर्ने हो भने आवासीय बालगृहमा पठाउने प्रकृयामा रहेकी पाँच बर्ष मुनीकी एक जना बालिका मात्र कारगारमा आश्रितको रूपमा रहेकी थिइन ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ बाल अधिकार सम्बन्धी सिद्धान्त

विश्वव्यापी रूपमा बालअधिकार महासन्धिले मुलभूत रूपमा चारवटा सिद्धान्तहरू पारित गरेको छ । बाल अधिकार संरक्षण सम्बद्र्धनका लागि यी चार सिद्धान्त मुख्य मार्गदर्शकको रूपमा रहेका छन् जुन निम्न अनुसार रहेका छन् :

**(१) सम्मान**

प्रत्येक बालक वा बालिका आफैंमा एक विशिष्ट तथा मूल्यवान व्यक्तित्व हो र ऊ मानव समुदायको एक महत्वपूर्ण सदस्य हो । तसर्थ उसको व्यक्तिगत सम्मान तथा मर्यादा, उसका खासखास आवश्यकताहरू तथा गोप्यताको उचित सम्मान र संरक्षण गरिदनुपर्दछ ।

**(२) भेदभाव रहित**

प्रत्येक बालक वा बालिकासँग उसको वा अभिभावकको वा कानूनी अभिभावकको वर्ण, जातजातीयता, रंग, लिङ्ग, भाषा धर्म, राजनीति वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, क्षेत्रीयता, सम्पत्ति, अपाङ्गता तथा जन्म वा अन्य अवस्था लगायतका कुनै पनि कुराका आधारमा विभेद गर्न पाइनेछैन । साथै सवै बालबालिकालाई माथि उल्लेखित अवस्थाहरूबाट पृथक रहेर स्वच्छ तथा सम्मान व्यवहार पाउने अधिकार छ ।

**(३) बालबालिकाको सर्वोत्तम हित**

प्रत्येक बालबालिकालाई उसको सर्वेत्तम हितलाई पहिलो प्राथमिकता दिइएको पाउने अधिकार हुन्छ । यसको मतलव सार्वजनिक अथवा निजामति कल्याणकारी, सामाजिक संस्थाहरू, प्रशासनिक वा न्यायिक निकायहरूले बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्दछ । बालबालिकाको उच्चतम हितको सिद्धान्त वा प्रावधानले कुनैपनि बालक वा बालिकालाई सम्भावित सबै प्रकारका नकरात्मक अनुभवबाट उसको संरक्षणको अधिकार तथा उच्चस्तरको विकासको लागि चाहिने अवसरलाई समेट्छ ।

**संरक्षणः** प्रत्येक बालबालिकालाई बाँच्न पाउने तथा जीवन रक्षाको अधिकार छ र उसलाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक तथा

यौनशोषण भेदभाव, शारीरिक, मनोबैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहार तथा वेवास्ताबाट संरक्षित हुने अधिकार छ । आवासीय बालगृहको हेरचाह वा संरक्षणमा रहेका बालबालिकासमेत संरक्षणको जोखिममा पर्न सक्ने हुनाले यसबाट जोगाउन विशेष उपायहरू अपनाउनुपर्दछ ।

**सर्वाङ्गिण तथा सन्तुलित विकासः** प्रत्येक बालबालिकालायृ सकेसम्म उच्चस्तरको सर्वाङ्गिण तथा सन्तुलित विकासको अवसर पाउने अधिकार छ । त्यसैगरी उसलाई आफ्नो शारीरिक, बौद्धिक, आत्मीक, नैतिक तथा सामाजिक  वृद्धि र विकासका लागि पूर्ण अवसर सहितको उच्चस्तरीय जीवन यापन गर्न पाउने अधिकार छ । गम्भीररूपमा आघातमा परेको बालक वा बालिकालाई उसको स्वस्थ्य विकासको प्रत्याभूत गराउन सबै उचित कदमहरू चालिनुपर्दछ ।

(४)  **बालबालिका विचार र भावनाको कदर**

प्रत्येक बालबालिकालाई उनीहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने विषयमा आफ्नो दृष्टिकोण, विचार तथा विश्वास, उनको आफ्नै शब्दमा स्वतन्त्ररूपमा प्रकट गर्न पाउने अधिकार छ । हरेक बालबालिकालाई उनीहरूको जीवनमा असर गर्ने हरेक निर्णयमा आफ्ना दृष्ट्रिकोणहरू सहित योगदान पुर्‍याउने अधिकार छ । बालबालिकाको अभिव्यक्तिको अधिकार तथा निर्णयमा सहभागी हुन पाइने अधिकारलाई उसको बढ्दो क्षमता, उमेर, बौद्धिक विकासको सापेक्षतामा उचित एवम् जिम्मेवारीपूर्ण ढङ्गमा सम्मान एवम् कदर गरिनुपर्दछ ।

## २.२.२  बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धी

संयुक्त राष्ट्रसंघको वडा पत्रमा घोषित सिद्धान्त अनुरूप वर्तमान महासन्धिका राज्यपक्षहरूले मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशील हुन् भन्ने कुरालाई मनन् गर्दै राष्ट्रसंघको आधारभूत सिद्धान्तहरू र मानव अधिकार सन्धीहरू तथा घोषणाहरूका केही निश्चित तथा सम्बर्द्धन प्रावधानलाई स्मरण गर्दै, बालबालिकाहरूको दयनीय अवस्थाको कारणले उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरा पुन समर्थन गर्छ र प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तर दायित्व जन्मनु अगाडि र जन्मेपछि बालबालिकाहरूलाई आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा र समुदायको साँस्कृतिक मुल्यहरूप्रतिको आदर बालअधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको प्रमुख

भूमिकामाथि विशेष जोड दिएको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालअधिकारसम्बन्धी महासन्धि निम्न भागहरूमा निम्न कुराहरू व्याख्या विश्लेषण गरिएको छ :

**भाग -१** को धारा १ मा "कानुनद्वारा वयस्कताको उमेरको अन्यथा अवस्था गरेकोमा बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ ।

**धारा-२** मा "विना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनैपनि किसिमको भेदभावबाट जोगाउनु राज्यको कर्तव्य हुनेछ । राज्यले कुनै पनि अधिकारको हनन् गर्नुहुँदैन बरु ती अधिकारहरूको बवर्द्धनका लागि सकरात्मक कार्य गर्नुपर्दछ ।"

**धारा-३** मा "बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्नेछन् । बाबुआमा वा अन्य जिम्मेवार मानिसहरूले बालबालिकाका हितमा काम गरेनन् भने  राज्यले त्यस्ता बालबालिकालाइ्र पर्याप्त स्याहार संभारको व्यवस्था गर्नुपर्नेछ ।

**धारा-४** मा "महासन्धिमा उल्लेखित अधिकारलाई बास्तविकतामा उतार्नु राज्यको दायित्व हुनेछ ।"

**धारा-५** मा "बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेलखाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बाबु आमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व हुनेछ ।"

**धारा-६,** मा "बाँच्न पाउने जन्मसिद्ध अधिकार र बालबालिकाको दीर्घजीवन र विकासप्रति राज्यको दायित्व ।

**धारा-७** मा "जन्मेदेखि नाम राख्न र राष्ट्रियता प्राप्त गर्ने बालबालिकाको अधिकार"

**धारा-८** मा "बालबालिकाको परिचयका आधारभूतका कुराहरू -नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध) संरक्षण गर्ने र आवश्यकता अनुसार पुनः स्थापना गर्नु राज्यको दायित्व ।

**धारा-९,** बालबालिकाको सर्वोत्तम हितहरू विपरित हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोबास गर्ने अधिकार । आमा वा बाबु दुवैबाट छुट्टिएमा सम्पर्क राख्ने पाउने अधिकार। राज्यको काम कारवाहीले गर्दा बाबुआमाबाट अलग हुन गएमा राज्यले निर्वाह गर्नुपर्ने दायित्व ।

**धारा-१०**, पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि मुलुक छाड्ने वा आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।

## २.३ पूर्व अध्ययनहरूको समीक्षा

**भट्टराई** (२००२) का अनुसार समुदायका सौतेनी बाबुआमाहरूले साना बालबालिकाहरूलाई सहनै नसक्ने गारो–गारो काममा लगाउने, काम नगरेमा खानपान बन्देज साथै अन्य लत्ता कपडाहरूको व्यवस्था पनि नगरिदिने शिक्षाको अलवा सानै उमेरमा खानाको लागि कामदारमा लगाउनाले बालबालिकाहरूले अत्यन्तै दुःखदायी पीडा सहनु पर्ने अवस्था हुन्छ । यसरी सानो मुल्यमा धेरै काम गर्नुपर्ने बाध्यताले उनीहरू सडकतिर भौतारिन बाध्य हुन्छन् ।


**CWIN** (२००६), अनुसार नेपाली समाजिक परिवेशका ग्रामिण भेगका अति विपन्न परिवारका बालबालिकाहरू शहरका प्रमुख क्षेत्र (पोखरा, विराटनगर, भैरहवा, काठमाडौ, नारायणगढ) का घरहोटलमा काम गर्नु, सवारीका साधनमा हिडडुल गर्नु, सामान लोड, अनलोड गर्नु, अन्य जोखिमयुक्त कार्यमा लगाइनुले उनीहरूले उचित किसिमको शिक्षा, स्वस्थकर खाना, राम्रोसँग आङ ढाक्ने कपडा आदिको अभावले वृद्धिदर उमेरमा नकरात्मक प्रभाव पारिरहेको पाउन सकिन्छ । जसको कारण उनीहरू बढी असंरक्षित गैरजिम्मेवारी बन्न पुग्छन् ।

**अधिकारी** (२००७) का अनुसार केही मानिसहरू सडक बालबालिकाहरूलाई माया/सहानुभुति को व्यवहार गर्दैनन् । सडकसम्म आउनु उनीहरूको इच्छाको कारणले नभई आफ्ना बाबुआमाको पहिचान नभएको, बाबुआमाले छोराछोरीमाथि उत्तरदायित्व बहन गर्न नसक्नाले अति गरिवी, बाबुआमाको झगडाको कारण, सौतेनी आमाको दुर्व्यवहार द्वन्दपीडितको कारणले आउँछन् । मानिसहरू ख्याल गर्दैनन् कि सडक बालबालिकाहरूले सामाजिक सद्भावमा असर पार्दछ भन्ने । तिनीहरूपनि सोही राष्ट्रका नागरिक हुन् । उनीहरू समाजबाट अपहेलित, एकलताको अवस्थामा हुन्छन् उनीहरूले विभिन्न व्यवहारहरू गर्न बाध्य हुन्छन् जस्तोकि अपशब्द बोल्नु, चुरोट पिउनु, नशालु पदार्थहरू पिउनु, दुर्गन्धित चिजहरू सुघ्दै हिड्नु आदि आदि । यसरी बालबालिकाहरू यस्तो अवस्थासम्म आउनुमा उनीहरूलाई पारिवारिक नैतिक शिक्षाको कमी, माया ममताको कमी, बालबालिकाको इच्छामाथि कुण्ठित हुनु, अभावको सिर्जना हुनुले सकडसम्म पुगेको भन्ने पाउन सकिन्छ ।

**न्यौपाने** (वि.सं.२०६७) का अनुसार बालबालिकाहरू वेसहारा, अनाथ हुन जानुमा बच्चाहरूको बाबुआमा दुवै नहुनु, सौतेनी बाबुआमाको दुर्व्यवहार, साथीहरूको लहलहैमा हिड्नु, अधिक मात्रामा बालश्रमका कारण प्रमुख रहेको पाउन सकिन्छ ।

**क्षेत्री** (२०१४) का अनुसार बालबालिकाको सामाजिकीकरणमा उसको परिवारको सामाजिक साँस्कृतिकरणले प्रभाव पार्दछ । परम्परादेखि सिक्दै, भोग्दै नराम्रा संस्कारहरू जस्तोकि परिवारले बालबालिकाको लवाई, खुवाई, आश्रय, व्यवस्थापन आदिमा परिवर्तन गर्न नसक्नु सामान्य आधारभुत आवश्यकता पनि पुरा गर्न नसक्नुले पुरानै संस्कारमा जरा गाडिनु, समयअनुसार समायोजन हुन नसक्नुले पनि बालबालिकामा निराशापन, दरिद्री भावना, सङ्किर्ण सोचाईको विकास हुन्छ । उसको दिमाख अगाडि पुरानै सोचको ठूलो पर्दाले उसलाई उम्कनै नसक्ने अवस्थाले पनि बालबालिकाहरू असंरक्षित बन्न पुग्छन् ।

## २.४ अवधारणागत खाका




चित्र नं. २.१ अवधारणागत खाका

यस अध्ययनमा मुख्य रूपमा बालबालिकाहरू अनाथ हुनाको कारणहरूमा गरिबी, बाबुआमा बिहिन, बाबुआमाको सम्बन्ध विच्छेद, पारिवारिक हिंसा, अशिक्षा, बेरोजगारी, जातजातियता, बाबुआमाको पेसा, साथीसंगत, पारिवारिक बेजिम्मेवारीता, द्वन्दपीडित, दैविक प्रकोप जस्ता चरहरू रहेका छन् । यस्ता चरहरूले बालबालिकाको समाजिक, मानसिक एवम् संवेगात्मक रूपमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । जसको कारण बालबालिकाहरू अनाथ बेसहारा भई कुकार्यमा लाग्ने, सडकमा भौतारिने, विभिन्न किसिमका दुर्व्यसनीहरूमा फस्ने गरेको पाइन्छ ।

# अध्याय : तिन

## अनुसन्धान विधि

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

प्रथमत त्रिभुवन विश्व विद्यालय पृथ्वी नारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोध पूरा गर्नुपर्ने भएकोले शोधकर्ताले उद्देश्यमूलक नमूना छनौट विधि अन्तर्गत कास्की जिल्ला पो.उ.म.न.पा. वडा नं. ६ मा अवस्थित नमस्ते सामुदायिक फाउण्डेसन नामक बाल गृहलाई लिइएको छ । समुदायका समाजसेवी व्यक्तित्वहरूद्वारा खोलिएको यस बालगृहमा गरिव असहाय, अनाथ बालबालिकाहरूको संरक्षण गरी उनिहरूको उचित खानपान, शिक्षा दिशा दिनुका साथै विभिन्न जात, धर्म, वर्ग, क्षेत्र संस्कृति, परिस्थिति उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित बनाई पारिवारिक शैलीमा बालअधिकारको प्रत्याभूति सहित संरक्षण एवम् पुनस्थापित गरेकोले उक्त सामाजिक योगदानको अध्ययन गर्न शोधकर्तालाई उत्सुकता जागेकोले यस क्षेत्र छानिएको हो ।

### ३.२ अनुसन्धान ढाँचा

अनाथ बालबालिकाको संरक्षण सम्बन्धी एक अध्ययन शीर्षक अर्न्तगत नमस्ते सामुदायिक प्रतिष्ठानद्वारा दिइएको संरक्षणलाई उल्लेख गर्दै सामाजिक सद्भाव राख्ने अवस्थाको चित्रण गर्न खोजिएको यस अध्ययन मुख्य रूपमा मौलिकतात्मक, वर्णानात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### ३.३ समग्र र नमूना छनौट

अध्ययनको उद्देश्य अनुरूप कास्की जिल्लाको पो.उ.म.न.पा.-६ बैदाममा अवस्थित नमस्ते सामुदायिक फाउण्डेसनद्वारा सञ्चालित २ ओटा बालगृह (नमस्ते बालगृह-जरेवर, ओन्नी बालगृह-पार्दी, विरौटा) लाई उद्देश्यमुलक नमुना छनौट विधिबाट छनौट गरिसकेपछि

पुनरस्थापित भैसकेका बाहेक त्यस गृहमा संरक्षित कूल ५५ जना बालबालिकालाई पूर्ण संख्या मानि समग्र अध्ययन विधिबाट अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएकोछ ।

## ३.४ तथ्याङ्कको स्रोत एवम् प्रकृति

यस अध्ययनमा बालबालिकाको सामाजिक पृष्ठभूमि बुझ्न साथै यस बाल गृह आउनुपूर्व र बाल गृहमा संरक्षित पश्चात्को अवस्था बारे जानकारी लिनको निम्ति अध्ययन स्थलमा नै उपस्थित भई अर्न्तवार्ता अनुसूचिको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन विधिबाट मुख्य रूपमा सङ्ख्यात्मक तथ्याङ्क, गौण रूपमा गुणात्मक तथ्याङ्क लिइएको छ साथै मुख्य जानकार व्यक्तित्वहरूबाट विस्तृत रूपमा जानकारी लिई उनीहरूले दिएको जानकारीलाई अझ स्पष्ट बुझ्नका लागि स्थलमै गई संरक्षित बालबालिकाहरूको विस्तृत गतिविधि बुझ्न अवलोकन, निरिक्षण गरी अध्ययनलाई प्रभावकारी तुल्याउन खोजिएको छ । द्वितीय तथ्याङ्क सङ्कलनका निम्ति बालगृहका वार्षिक रिपोर्ट, स्मारिका, प्रतिवेदनहरूको सहायता लिइएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलनका मुख्य साधनहरू मध्ये अन्तर्वार्ता अनुसूचि, अवलोकन र मुख्य जानकार व्यक्तिहरूसँगको छलफल आदि प्राथमिक साधनका औजारहरू प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली अनुसूचि

शोध अध्ययनका निम्ति अन्तवार्ता विधिलाई मुख्य विधिको रूपमा दृष्टिगत गरी अनाथ, बेसहारा बालबालिकाको सामाजिक पृष्ठभूमि साथै उक्त बच्चाहरूको गृह प्रवेश पूर्व र पश्चात्को अवस्थाबारे यथार्थ जानकारी लिनको लागि अन्तर्वार्ता अनुसूचि तयार गरि सम्बन्धित बालबालिकाबाट लिइएको छ । सूचिमा उत्तरदाताको सामाजिक पृष्ठभूमि (नामथर, ठेगाना, लिङ्ग, उमेर, जात, धर्म र शिक्षा) थाहा पाउनका लागि आवश्यक बन्द तथा खुल्ला प्रश्नहरू तयार गरिएको । आवश्यकता अनुरूप उक्त सामुदायिक फाउण्डेसन सञ्चालकहरूसित पनि जानकारी लिइएको छ ।

### ३.५.२ अवलोकन

अध्ययनको सिलसिलामा आफ्नो उद्देश्य अनुरूप अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा देखिएका उद्देश्यसँग मेल खाने घटनाक्रमहरूलाई समेटी दृश्यावलोकन भएका कुराहरूलाई तथ्यपरक बनाई विश्लेषण गरिएको छ ।

### ३.५.३ मुख्य जानकार व्यक्तिहरूसँग छलफल

बाल संरक्षण सम्बन्धी जानकारी लागि बालगृहमा संलग्न रहेका सम्बन्धित मुख्य व्यक्तित्वहरूलाई एकै ठाउँमा राखी बाल संरक्षण विषय अर्न्तगत रही समुहका व्यक्तित्वहरूको भनाइहरू समावेस गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ यस बालगृहमा संरक्षित बच्चाहरूबाट प्रस्फुटित कोरा तथ्यहरूलाई वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई आवश्यकताअनुसार तालिकीकरण एवम् वृत्तचित्रद्वारा स्पष्ट पारि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण  गरिएको छ ।

# अध्याय : चार

## अध्ययन क्षेत्रको परिचय एवम् अनाथ बालबालिकाको जनसाङ्ख्यिकीय विवरण

मुख्य गरी अध्ययन क्षेत्रको परिचय, आश्रित बालबालिकाको सामाजिक जनसाङ्ख्यिक विवरण एवम् बालगृहले पुऱ्याएको योगदानको बारेमा यस अध्यायमा चर्चा गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय

मानव सेवाको मूल मर्मलाई आत्मसात गर्दै आज भन्दा करिब एघार वर्ष अघि त्यस क्षेत्रका समाजसेवी तथा व्यवसायीहरूको पहल एवम् संस्थापक अध्यक्ष श्री भिष्मराज पौडेलको अगुवाईमा सामाजिक दायित्व एवम् कर्तव्यनिष्ठताका साथ वि.सं. २०६० साल जेष्ठ २७ गते यस गृहको स्थापना भएको हो । केही असाहय तथा अनाथ बालबालिकाहरूलाई संरक्षण प्रदान गर्ने तथा समाजमा आवश्यक अन्य सामाजिक गतिविधिहरू सञ्चालन गर्ने उद्देश्यका साथ स्थापित यस संस्थाले आर्थिक वर्ष २०७१/०७२ सम्म करिव १५०० जना भन्दा बढीको जीवनमा प्रत्यक्ष रूपमा तथा करिव २२,००० जना भन्दा बढी मानिसहरूको जीवनमा परोक्ष रूपमा सकरात्मक परिवर्तन ल्याउन सफल भएको पाइन्छ (वार्षिक प्रगति प्रतिवेदन २०७१) । यस संस्थाका (नमस्ते, ओन्नि) गृहमा सञ्चालित मुख्य कार्यक्रमहरूमा (१) छात्रवृत्ति सहयोग कार्यक्रम, (२) पारिवारिक आत्मनिर्भर कार्यक्रम (३) महिला सशक्तिकरण कार्यक्रम (४) कान सम्बन्धी क्लिनिक (५) कोष सङ्कलन सम्बन्धी कार्यक्रम र (७) अन्य विविध कार्यक्रमरु रहेका छन् ।

#### ४.१.१ बालगृहमा संरक्षित बालबालिकाको अवस्था

नमस्ते बालगृह-जरेवर तथा ओन्नी बालगृह-पार्दि विरौटामा सञ्चालित बालगृहमा विभिन्न जात, धर्म, वर्ग क्षेत्र, साँस्कृतिक, परिस्थति, उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित बनाई पारिवारिक वातावरणमा सम्पूर्ण बालअधिकारको प्रत्याभूति सहित संरक्षण गर्नु संस्थाले प्रमुख दायित्व लिएको पाइयो । हालसम्म कुल १०६ जना बालबालिकाले संरक्षण पाइसकेका र ती मध्ये ५१ जना बालबालिकाहरू बालगृहबाट पारिवारिक तथा सामाजिक

पुर्नस्थापना गरिसकेका बाँकी रहेका कुल ५५ जनाले निरन्तर संरक्षण प्राप्त गरिरहेका छन् । जसमा जरेवर स्थित बालगृहमा कुल ३९ जना र पार्दि विरौटा स्थित बालगृहमा कुल १६ जना बालबालिकाहरूले निरन्तर संरक्षण प्राप्त गरेका छन् । एस.एल.सी. तथा १२ कक्षा पास गरी रोजगारमुलक तथा पारिवारको आर्थिक स्थितिमा सुधार आएको कारण कतिपय बालबालिकाहरू आफ्नो घरमा पुर्नस्थापना भएको पनि पाइन्छ । उमेर, कक्षा र जिल्ला अनुसार संरक्षित बालबालिकाहरू तलको तालिका ४.१, ४.२ र ४.३बाट प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : उमेर अनुसार संरक्षित बालबालिका

| विवरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| १-५ बर्षसम्म | ० | १ | १ |
| ६-१० बर्षसम्म | ४ | ८ | १२ |
| ११-१४ बर्षसम्म | ८ | १२ | २० |
| १५-२० वर्षसम्म | १७ | ५ | २२ |
| **कुल** | **२९** | **२६** | **५५** |

स्रोतः वार्षिक रिपोर्ट, २०७१

प्रस्तुत तालिका ४.१ अनुसार बालगृहले १-५ वर्षसम्मको बालबालिकाहरू संरक्षणमा एकदम न्यून गरेको पाइन्छ भने संरक्षित बालबालिकाहरू सबैभन्दा बढी १५-२० वर्ष उमेरका रहेको पाइन्छ । बढी चन्चले, स्वभावको उमेरले गर्दा नै हुनसक्छ सबैभन्दा बढी यही उमेरका बालबालिकाहरू कुलत, साथी भाइहरूको लहलहैमा लागेर हिड्ने विभिन्न किसिमका दुर्व्यसनी फस्न पुग्ने घर छाडी बरालिने आदि । उक्त तथ्याङ्कबाट के विश्लेष्ण गर्न सकिन्छ भने उमेर बढ्दै गएपछि पारिवारिक माया नपाएमा पनि बालबालिकाहरू घर छोड्न बाध्य हुन्छन् । बालगृहमा संरक्षित बालबालिकाहरूको पढाइको स्तर वा कक्षा अनुसारको तथ्याङ्क तलको तालिका ४.२ मार्फत् प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: कक्षा अनुसार सहयोग प्रांप्त गरिरहेका बालबालिका**

| विवरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शिशु देखी २ कक्षा सम्म | ० | ४ | ४ |
| ३ देखी ५ कक्षा सम्म | ६ | १० | १६ |
| ६ देखि ८ कक्षा सम्म | १४ | ८ | २३ |
| ९ र १० कक्षा | ९ | ३ | १२ |
| **कुल** | **२९** | **२६** | **५५** |

स्रोतः वार्षिक रिपोर्ट, २०७१ ।

माथिको तालिका ४.२ मा कक्षा अनुसार सहयोग प्राप्त गरिरहेका बालबालिकाहरू शिशु कक्षा देखि २ क्षा सम्म जम्मा बालकमा २ जना मात्र र बालिकाहरूमा शुन्य रहेको छ । सबैभन्दा बढी त्यसमा पनि बालिका ६ देखि ८ कक्षा सम्म पढ्ने रहेको छ जसमा बालिका १४ जना र बालक ८ जना गरी कुल २३ जना रहेको पाइन्छ भने ३ देखि ५ कक्षासम्म अध्ययन गर्नेमा बालिका ६ जना र बालक १० जना गरी कुल १६ जना रहेको पाउन सकिन्छ । यसैले कक्षा शिशु देखि कक्षा १० सम्म संरक्षित बालिकाहरूमा २९ जना र बालकहरूमा २६ जना गरी कुल ५५ जना बालबालिकाहरूलाई संरक्षित दिएको पाइन्छ ।

बालगृहमा संरक्षित बालबालिकाहरूको जिल्लाअनुसारको संलग्नता तालिका ४.३ मार्फत् प्रस्तुत गरिएको छ ।

**तालिका ४.३: जिल्ला अनुसार संरक्षण पाएका बालबकालिकाहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| कास्की | २० | नेपालगंज | १ | पर्वत | १ |
| स्याङ्गजा | १० | धरान | १ | लमजुङ्ग | १ |
| चितवन | ८ | रामेछाप | १ | गोर्खा | १ |
| धादिङ्ग | ४ | सप्तरी | १ | राजविराज | १ |
| मकवानपुर | २ | धवलागिरि | १ | बर्दिया | १ |
| बाग्लुङ्ग | १ | **कुल जम्मा** | | | **५५ जना** |

स्रोतः वार्षिक रिपोर्ट, २०७१ ।

माथिको तालिका ४.३ अनुसार यस फाउण्डेन द्वारा सञ्चालित बालगृहमा संरक्षित बालबालिकाहरू जिल्ला अनुसारको विवरणमा सबैभन्दा बढी कास्की जिल्लाका २० जना, त्यसपछि स्याङ्जा (१० जना), चितवन (८ जना)धादिङ (४ जना) मकवानपुर (२ जना) र बाग्लुङ, नेपाल गञ्ज, रामेछाप, धरान, सप्तरी, धवलागिरीका १।१ जना गरी जम्मा ५५ जना बालबालिकाहरू संरक्षित गरिएको छ ।

### ४.१.२ बालगृहमा गरिने कार्यक्रमहरू

(क) **वार्षिक कार्यक्रम**

बालगृहको मुल शिक्षा मानवता, माया तथा सहयोगको भावनालाई आत्मसासाथ् गरि वर्षभरि दैनिक कार्य तालिका अनुरूप बालबलिकाहरू परिचालित, बालबालिकासँग छलफल गरि त्रैमासिक खाना तालिका बमोजिम पौष्टिक आहारा प्रदान गरिन्छ । बालबलिका तथा कर्मचारीहरू समेतको संलग्नतामा नियमित सरसफाई कार्यक्रम सम्पन्न गरिदै आएको पाइन्छ । बालबालिकाको लागि मात्र नियमित मासिक रूपमा बाल क्लवको बैठक भएको पाइन्छ । विद्यालय अध्ययन, नृत्य, कम्पयूटर कक्षा, अङ्ग्रेजी कक्षा, आर्ट सम्बन्धी कक्षा आदि र स्वस्थ रहनको लागि विहान नियमित योगा, शारीरिक अभ्यास, स्वास्थ्य परिक्षण, सन्तुलित भोजन रहेको छ । मनोरन्जन तर्फ आउटिङ टिलिभिजन, फिल्महरू, ज्ञानबर्धक डकुमेन्ट्री र नियमित बनभोजहरू, ट्रेकिङ समयानुसार गरिन्छ खेलकुदतर्फ फुटबल, टेवल टेनिस, चेस, भलिवल, क्यारम बोर्ड, लुडो, लगायत अन्य इनडोर र आउटडोर क्रियाकलापहरू, प्रतिभा प्रष्फुटन कार्यक्रम- बालबालिकाद्वारा साप्ताहिक रूपमा सञ्चालन हुने प्रतिभा प्रष्फुटन कार्यक्रम जसमा नृत्य नाटक, चुट्कीला, गायन, उद्घोषण, वक्तृत्वकलामा सहभागी गराई बाह्य ज्ञानवर्द्धक कार्य गरेको छ । बालबालिकाको उमेर र स्वास्थ्य अनुरूप गृहको कार्यमा सहभागिता । सरसफाई कार्यक्रम- बालबालिकाद्वारा सामाजिक दायित्व बोधको लागी आफ्नो आसपासका क्षेत्रहरूमा त्रैमासिक रूपमा सरसफाई कार्यक्रम साथै अन्य तालिम गोष्ठी तथा बालअधिकार, दुर्व्यवहार जनचेतनामुलक कार्यक्रममा सहभागी गराएको पाइन्छ । बालबलिकाहरूको समाजका सदस्यहरूसँग पनि घुलमिल गराउने (सामाजिकीकरण) उद्देश्यले वर्षको २ पटक आफ्नो घर या नातेदारको मा पठाउने र शैक्षिक भ्रमणका योजनाहरू पनि ल्याउने गरेको पाइन्छ । शैक्षिक बिदाका दिनहरूमा विशेष कार्यक्रम तालिका बनाई बालबालिका परिचालन तथा व्यवस्थापन जिम्मेवारीपूर्ण बहन गरी वर्षभरिका हरेक चाडपर्व मनाउने तथा संस्कृतिको बारेमा जानकारी दिने कार्य पनि गरिन्छ ।

### ख) छात्रबृत्ति कार्यक्रम

निरन्तर छात्रबृति कार्यक्रम अर्न्तगत गत वर्ष ४ जना थप गरि कुल १७५ जना अर्धटुहुरा बालबालिकाहरूलाई सहयोग गर्दै आईरहेकोमा विभिन्न वर्षहरूमा ५६ जना (३१ बालक र २५ बालिका) बालबालिकाहरूको विविध कारणवंश (जस्तैः एस.एल.सी पास, पढाईमा ज्यादै कमजोर, विवाह भई विद्यालय जान नचाहने तथा भैगोलिक कारणले सहयोग गर्न कठिनाई भएका) छात्रवृत्ति समाप्त भएकोले गत वर्ष कुल ११९ जना बालबालिकाहरूलाई निरन्तर छात्रवृत्ति प्रदान गर्न गरिन्छ । यसरी छात्रवृत्ति पाएका बालबालिकालाई संस्थाले सरकारी स्कुलमा भर्ना गरि विद्यालयमा लाग्ने खर्च, साथै दुई जोर ड्रेस, मोजा, सम्पूर्ण स्टेशनरी सामाग्री, किताब झोला, दशै कपडा तथा केही खर्च, यातायात खर्च र औषधी उपचार प्रदान गर्ने गरेको पाइन्छ । वर्ष अनुसार छात्रवृत्ति पाएका बालबालिकाहरू तलको तालिका ४.४ बाट स्पष्ट पारिएको पाइन्छ ।

**तालिका ४.४: वर्ष अनुसार निरन्तर छात्रवृत्ति सहयोग प्राप्त बालबालिका**

| विवरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| १-५ वर्ष सम्म | ० | ० | ० |
| ६-१० वर्ष सम्म | ८ | ८ | १६ |
| ११-१४ वर्ष सम्म | २८ | २४ | ५२ |
| १५ वर्ष देखि माथि | २५ | २६ | ५१ |
| **कुल** | **६१** | **५८** | **११९** |

स्रोतः वार्षिक रिपोर्ट, २०७१ ।

माथिको तालिका ४.४ अनुसार संस्थाले छात्रवृत्ति दिई सहयोग गरेका बालबालिकाहरूमा १-५ वर्षसम्मका बालबालिकाहरू शुन्य रहेका छन् भने सबैभन्दा बढी बालिका २५ जना, र बालक २६ जना (५१ जना) १५ वर्ष भन्दा माथिका रहेको पाइन्छ । तत्पश्चात ११-१४ वर्षसम्मका कुल ५२ जना र ६-१० वर्षसम्मका कुल १६ जना बालबालिकाहरूले छात्रवृत्ति पाएको पाइन्छ ।

तालिका :४.५ कक्षा अनुसार निरन्तर सहयोग प्राप्त गरिरहेका बालबालिकाको

| विवरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शिशु देखी २ कक्षा सम्म | ७ | ३ | १० |
| ३ देखी ५ कक्षा सम्म | ६ | १२ | १८ |
| ६ देखी ८ कक्षा सम्म | २३ | २१ | ४४ |
| ९, १०, कक्षा तथा सो भन्दा माथि | २५ | २२ | ४७ |
| **कुल** | **६१** | **५८** | **११९** |

स्रोतः वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ४.५ अनुसार संस्थाले निरन्तर रूपमा आर्थिक सहयोग गर्ने बाल बालिकाहरू सबैभन्दा बढी ९, १० कक्षा अर्थात् सोभन्दा बढी पढ्ने बालिकाहरू २५जना र बालकहरू २२ गरी कुल ४७ जना रहेका छन् भने सबैभन्दा कम शिशु देखि २ कक्षासम्म पढ्ने बालिका ७ जना र बालक ३ जना रहेका छन् ।

(ग) **कान सम्बन्धी क्लिनिक**

विशेषतः कान कम सुन्ने गरिब व्यक्तिहरूलाई कुनै सुन्ने मेशिन वितरण गर्ने उद्देश्य लिई सुरु भएको कार्यक्रमलाई विस्तार गरि कानसँग सम्बन्धी निःशुल्क कान परिक्षण, निःशुल्क औषधी वितरण, लगायत जनचेतना फैलाउने कार्य गर्दै आईरहेको छ । यस कार्यक्रम अर्न्तगत हालसम्म करिब २०,००० जना भन्दा बढी व्यक्तिहरूले निःशुल्क परिक्षण तथा औषधी सहयोग पाईसकेका छन् भने करिब १,४५० जनाले निःशुल्क कान सुन्ने मेशिन प्राप्त गरिसकेको पाइयो (नमस्ते सामुदायिक प्रतिष्ठानको वार्षिक रिपोर्ट, २०७१) । गत वर्ष मात्र यस क्लिनिक मार्फत् ३,७८३ जनालाई निशुल्क परिक्षण, ३४६ जनालाई निःशुल्क कान सुन्ने मेशीन प्रदान, करिब १५७३ जनालाई निःशुल्क औषधी वितरण र ३६ जनालाई निःशुल्क सर्जरिको लागी अन्य संस्थाको रिफर गरिएको छ । यसका साथै हजारौको संख्यामा विद्यार्थी तथा अन्य विभिन्न व्यक्तिहरूले कान सम्बन्धी जनचेतना कार्यक्रम रिफर गरि हजारौको संख्यामा विद्यार्थी तथा अन्य विभिन्न व्यक्तिहरूले कान सम्बन्धी जनचेतना कार्यक्रम मार्फत् फाईदा लिएका थिए । हरेक महिनामा २ पटक विद्यालय स्वास्थ्य संस्था, बालगृह तथा अन्य स्थानहरूमा निःशुल्क कान शिविर सञ्चालन तथा जनचेतनामुलक

पम्प्लेट वितरण गर्दै आईरहेको र अन्य दिनहरूमा गौरिघाट स्थित क्लिनिकमा सेवा दिदै आईरहेको छ (नमस्ते सामुदायि प्रतिष्ठानको वार्षिक रिपोर्ट, २०७१) ।

**(घ) महिला सशक्तिकरण**

कास्की जिल्लाको घाचोक, लाहाचोक तथा माछापुच्छ्रे गा.वि.स तथा अन्य जिल्लाका २० जना एकल महिलाहरूलाई निःशुल्क तालिम प्रदान, मनोविमर्श सेवा, व्यवसाय कक्षा, सफल व्यक्तित्वहरूको उत्प्रेरणा कक्षाहरू लगायत पारिवारिक आत्मनिर्भर कार्यक्रमको थालनी गरेको छ । टाढा घरहुनेहरूलाई आवसीय सुविधा समेत प्रदान गरिएको छ । यस कार्यक्रम अन्तर्गत घाचोक, लाहाचोक तथा माछापुच्छे गा.वि.स.का एकल महिलाहरूले कृषि तथा पशुपालन सम्बन्धी तालिम प्राप्त गरिसकेको सो फाउण्डेसनको रिपोर्टबाट जानकारी पाइन्छ ।

**(ङ) कोष सङ्कलन सम्बन्धी**

यस कार्यक्रम अन्तर्गत संस्थाको आन्तरिक तथा बाह्य स्रोतहरूको पहिचान तथा कोष संकलन विविध कार्यक्रमहरू गरेको जसका लागी स्वदेशी तथार विदेशी विशेषज्ञहरूबाट नियमित सहयोग लिइएको थियो । मुख्यत संस्थागत १० बर्ष किताब, संस्थागत बेभ साइटलाई अपडेट तथा प्रचारप्रसार, नियमित त्रैमासिक न्युजलेटरको वितरण, सामान्य भेटघाटको लागी आउने विदेशीहरूलाई कोष सङ्कलनको लागी प्रस्तावहरू, डकुमेन्ट्री, निर्माण तथा पोष्ट लगायत पोष्ट कार्ड, टि-सर्ट, हस्तकलाका सामाग्रीहरूको विक्रि गरिएको थियो । यसका साथै दातृ निकायका प्रतिनिधिहरू तथा उहाँहरूको सर्कलमा रहेका विदेशीहरूलाई नेपाल भ्रमणको निम्तो दिने, टुर व्यवस्थापनमा आवश्यक सहयोग गर्ने तथा अन्य विविध उपायहरूको अवलम्वन गरि संस्थागत कोष सङ्कलनको कार्य गरिएको थियो । जसले गर्दा उक्त व्यक्तिहरूले संस्थागत कोष सङ्कलनमा सहयोग तथा अन्य विविध उपायहरूको अवलम्वन गरि संस्थागत कोष सङ्कलनको कार्य गरिएको थियो । उक्त व्यक्तिहरूले संस्थागत कोष सङ्कलनमा सहयोग तथा संस्थाप्रति आवद्ध भई दीर्घकालिन सहयोगीको रूपमा विविध सहयोग गर्दै आएको जानकारी पाइन्छ ।

**(च) अन्य विविध**

१) बार्षिक साधारण सभा सम्पन्न : यस नमस्ते सामुदायिक प्रतिष्ठानले हरेक वर्ष झै गत वर्षपनि आफ्ना बालबालिकाहरू, कर्मचारीहरू कार्यसमिति पदाधिकारीहरू तथा

सल्लाहकारहरूका विच हर्साउल्लासकासाथ हिमालयन किचनको सभाहलमा संस्थाको ११ औं बार्षिक साधारण सभा सम्पन्न गरेको थियो ।

२) विविध मनोरन्जनात्मक कार्यक्रमः हरेक वर्ष झै यस वर्ष पनि नेपालमा मनाईने मुख्य मुख्य चाडपर्वहरू सम्पूर्ण कर्मचारी, कार्य समितिका पदाधिकारीहरू तथा अन्य सहयोग दाताहरूसँगको सहकार्यमा मनोरन्जनात्मक कार्यक्रमहरूको आयोजना गरि मनाएको पाइयो । जसमा मुख्यतः रक्षा बन्धन, कृष्ण जन्माष्ट्मी, हरितालिका तिज, वडा दशैं, तिहार, एकादशी, क्रिशमस, टोटे पर्व, होली, शिवरात्रि, इष्टर पर्व, सरस्वति पुजा, बुद्ध जयन्ति, तमु ल्होसार, अङ्ग्रेजी तथा नेपाली नयाँ वर्ष, राम नवमी ब्रत छठ पर्व गाईजात्रा आदि रहेका छन् ।

## ४.२ संरक्षित बालबालिकाको सामाजिक जनसाङ्ख्यिक विवरण

### ४.२.१ लिङ्ग

हाम्रो धार्मिक, सामाजिक, पारम्पारिक अनुसार लैङ्गिक दृष्टिकोणले छोराछोरीमा भेदभाव गरिए जस्तै कास्की जिल्लामा असंरक्षित बालबालिकाहरू मध्ये केटाको तुलनामा केटीको संख्या बढी भएको पाइन्छ । जुन तालिका ४.६ अनुसार स्पष्ट छ ।

चित्र ४.६ : उत्तरदाताको लिङ्ग अनुसार विवरण

| लिङ्गगत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| केटी | २९ | ५२.७२ |
| केटा | २६ | ४७.२८ |
| **जम्मा** | **५५** | **१००** |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

माथिको तालिका ४.६ अनुसार कुल ५५ जना संरक्षित उत्तरदाता बालबालिकाहरू मध्ये अध्यधिक मात्रामा केटीका संख्या बढी (५२.७२) रहेको पाइन्छ । माथिको तालिकामा तुलनात्मक हिसावले हेर्दा केटा र केटीको संख्यामा त्यति भिन्नता नभए पनि सामाजिक, साँस्कृतिक दृष्टिकोणले हेर्दा छोरा छोरी बढी घरेलु हिंसाको चपेटामा पर्न जनाले पनि संरक्षित बालगृहमा छोरीको संख्या बढी भएको हो ।

### ४.२.२ धर्म

मानिसलाई कर्तव्यबोध गराउने र नैतिक निष्ठावान गराउने एक प्रमुख माध्यम धर्म हो । कुनैपनि धर्मले मानिसलाई कुभलो हुने कार्य सिकाउँदैन । त्यसैले हरेक मानव एक न एक धर्ममा आस्थावन भएको पाउन सकिन्छ । हरेक समाज प्राचीन, सामाजिक, सांस्कृतिक, धार्मिक, पारम्परिक पद्धतिमा आधारित छ । सामाजिक, धार्मिक मूल्यमान्यता अनुसार अनुसरण नगर्नु वा कुबाटो कुसंस्कार अगाल्नु भनेको धर्म विपरितको कार्य हुन जान्छ । अध्ययन क्षेत्रको रूपमा लिएको नमस्ते बालगृह जरेवर तथा ओन्नी बालगृह पार्दि विरौटामा संरक्षित रहेका बालबालिकाहरूको धार्मिक आस्था अनुसारको संलग्नता तालिका ४.७ बाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ उत्तरदाता बालबालिकाको धर्म अनुसार विवरण**

| धर्मगत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ५३ | ९६.३६ |
| क्रिश्चियन | २ | ३.६४ |
| **जम्मा** | **५५** | **१००** |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ४.७ मा कुल दुईवटै बालगृहमा संरक्षित बालबालिकाहरू कुल ५५ जना मध्ये अत्यधिक मात्रामा हिन्दु धर्ममा आस्थावान (९६.३६%) बालबालिकाहरू रहेको पाइयो । त्यसपछि क्रिश्चियन अति न्यून (३.६४%) रहेको पाइयो भने अन्य धर्म मान्ने बालबालिकाहरू उक्त गृहमा नरहेको पाइयो ।

### ४.२.३ जात/जातियता

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषभाषी र संस्कृति भएको एक फूलबारी हो ।  प्रत्येक जातजातियता अनुसारका कर्महरू हुन्छन् । नाता गोता, जन्म, विवाह र मृत्युसंस्कार पनि जातजातियता अनुसार फरक पाइन्छ । कति जातजातिमा सामाजिक उत्तरदायित्व वहन गर्न कठोरता छ भने कतिपय जातिजाति धर्ममा सामाजिक उत्तरदायित्व सार्है लचकता पनि छ । बढी कठोरता र लचकताले पनि बाबुआमाले आफ्नो बालबालिकाहरूप्रति जिम्मेवारीमा  फरकपना गरेको पाइन्छ । बढ्दो आधुनिकता, गर्भपतनमा छुट र सम्बन्ध विच्छेद एवम् पुनर विवाहमा सहजताले गर्दा पनि बाबुआमाको सम्बन्धमा तिक्तता आउँदा

बालबालिकामा संवेगनात्मक, मानसिक रूपबाट टर्चर पर्न जान्छ । जात अनुसारका संरक्षित अनाथ बालबालिकाहरूको विवरण तालिका ४.९ मार्फत् प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ उत्तरदाता बालबालिकाको जात अनुसार विवरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | १६ | २९.०० |
| जनजाति | २१ | ३८.१८ |
| दलित | १८ | ३२.७२ |
| **जम्मा** | ५५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ४.८ अनुसार कुल ५५ जना बालबालिकाहरू मध्ये सबैभन्दा बढी (३८.१८%) जनजातिका रहेका छन् । तत्पश्चात दलित (३२.७२), र ब्राह्मण/क्षेत्री (२९%) रहेका छन् ।

### ४.२.४ कक्षा

अनाथ बालबालिको लागि संरक्षित यी दुई (नमस्ते र अन्नि) बालगृहमा संरक्षित बालबालिकालाई "शिक्षाको ज्योतिबाट बञ्चित हुन नपरोस्, शिक्षा लिने बालबालिकाको नैसर्गिक अधिकार" भन्ने उद्घोसकासाथ यस बालगृहले संरक्षित बालबालिकाहरूलाई समय, युग सुहाउँदो अन्य बालबालिका सरह शिक्षादिक्षा दिने काम गरेको छ । जुन तालिका ४.१० अनुसार प्रष्ट पारिएको छ ।

तालिका ४.९ उत्तरदाता बालबालिकाको कक्षा अनुसार विवरण

| कक्षागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नर्सरी-यू. | २ | ३.६३ |
| १-५ | १३ | २३.६३ |
| ५- एस.एल.सी. | ३९ | ७०.९० |
| एस.एल.सी. भन्दा माथि | १ | १.८१ |
| **जम्मा** | ५५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ४.८ अनुसार कुल ५५ जना अनाथ बालबालिका मध्ये कक्षा ५ देखि एस.एल.सी.सम्म अध्ययनरत बालबालिका अत्यधिक (७०.९०%) मात्रामा रहेको पाइयो । नर्सरी देखि यु.के.जी.सम्म अध्ययन गर्ने बा बालबालिकाहरू न्यून रहेका छन् भने एस.एल.सी.भन्दा माथि अध्ययनरत अती न्यून (१.८१%) रहेको पाइयो ।

यस तथ्याङ्कबाट के स्पष्ट गर्न सकिन्छ उमेरगत होस् कक्षागत हिसावले होस् सबैभन्दा बढी बालबालकाहरूले अनाथ या बेसहाराको महसुस गर्ने बेला नै आफु अलि जान्ने बुझ्ने भएपछि हो । बालबालिकाहरू केही जान्ने बुझ्ने उमेर भनेको नै ११-१५ वर्ष भित्र हो यस्ता उमेरगतका बालबालिकाहरू धेरैजसो कक्षा ५ देखि एस.एल.सी. दिने भित्र नै पर्दछन् । यस्ता समुहका बालबालिकाहरू बुझ्ने अवस्थाका भएपनि आफ्नो कुरामा बढी मात्रामा अड्डी लिने भविष्यको लागि न्यून सोचाई तत्कालका व्यवहारमा मात्र उनीहरू बढी लाग्ने हुँदा बालबालिकाहरूलाई बढी मात्रामा संरक्षकत्वको खाँचो पर्ने बेला नै यही समयमा हुन जान्छ ।

# अध्याय : पाँच

## आश्रित बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि

यस अध्यायमा मुख्यगरी संरक्षित बालबालिकाहरूको सामाजिक पृष्ठभूमि जस्तो उनिहरूको बाबुआमा, पारिवारिक स्थिति, बाबुआमाको संलग्नता, आर्थिक स्थितिबारे व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ५.१ बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि

#### ५.१.१ बाबुआमा भए नभएको अवस्था

बालगृहमा संरक्षित बालबालिकाहरूको बाबुआमा/अभिभावकको रूपमा रहेका रहेका वा बाबुआमा/अभिभावक गुमाएका तथ्याङ्क तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.१ः उत्तरदाता बालबालिकाको बाबुआमाको अवस्था

| बाबाआमा | संख्या | प्रतिशत % |
|---|---|---|
| दुवै हुनुहुन्न | २९ | ५२.७४ |
| आमा मात्र हुनुहुन्छ | १७ | ३०.९० |
| दुवै हुनुहुन्छ | ५ | ९.०९ |
| बाबा मात्र हुनुहुन्छ | ४ | ७.२७ |
| **जम्मा** | **५५** | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

माथिको तालिका ५.१ मा कूल ५५ जना संरक्षित उत्तरदाता बालबालिकाहरू मध्ये अधिकांश (५२.७४) बालबालिकाका बाबुआमा गुमाएका अथवा संरक्षक अभिभावक नभएको पाइयो भने आमा मात्र हुने पनि अत्यधिक नै (३०.९०%) रहेको पाइयो । बाबा मात्र हुने र बाबुआमा दुवै हुने अति न्यून (७.२७%, ९.०९%) रहेको पाइयो । उक्त तथ्याङ्बाट अत्यधिक बालबालिकाको संरक्षकत्वको अभावमा बालबालिकाहरू अलपत्रको अवस्थामा परेको पाइन्छ ।

### ५.१.२ आमा नभएको कारण

संरक्षित बालबालिका मध्ये आफुलाई जन्म दिने आमा नभएको कारण आफु अनाथ भएको, बताउँछन् आमा नहुनुको कारण तालिका ५.२ बाट स्पष्ट पारिएको छ ।

**तालिका ५.२ : उत्तरदाता बालबालिकाका आमा नहुनुको कारण**

| आमा नभएको कारण | संख्या | प्रतिशत % |
|---|---|---|
| मृत्यु भएर | २३ | ४१.८१ |
| अन्त्यै विवाह गरी गएर | ७ | १२.७४ |
| बाबासित छोडपत्र गरी बसेर | ३ | ५.४५ |
| **जम्मा** | ३३ | ६० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.२ मा संरक्षित बालबालिकाको आमा नभएका कूल ३३ जना बालबालिकाहरू मध्ये आमा नहुनुको कारण मृत्यु भएर भन्नेमा सबैभन्दा बढी (४१.८१%), अन्त्यै विवाह गरी गएका (१२.७४%), बाबासित छोडपत्र गरेका (५.४५%) रहेका छन् । बालबालिकाको पहिलो शिक्षक आमाको नै देहवासन भएपश्चातको घटना, आमाले सँगैको बाबा छोडी अन्त्य विवाह गरेमा र बाबुसँग सम्बन्ध विच्छेद गर्दा यसको प्रत्यक्ष असर साना साना बालबालिकाको मनस्थितिमा नै आँच पुग्ने गरी पर्न जान्छ । जसको कारण उचित संरक्षकत्वको अभावको कारण बालबालिकाहरू बेसहारा बन्न पुग्दछन् ।

### ५.१.३ बाबा नभएको कारण

संरक्षित बालबालिकाको आफुलाई जन्म दिने बाबा नभएको कारण आफु अनाथ भएको, बाबा नहुनुको कारण तालिका ५.३ बाट स्पष्ट पारिएको छ ।

तालिका ५.३: उत्तरदाताको बालबालिकाका बाबा नहुनुको कारण

| बाबा नहुनुको कारण | संख्या | प्रतिशत % |
|---|---|---|
| मृत्यु भएर | ३५ | ६३.६३ |
| आमाले अर्को विहे गर्दा बाबासँग बिछोड भएर | ५ | ९.०९ |
| बैदेशिक रोजगारबाट नफर्केर | ३ | ५.४६ |
| जेलमा हुनुहन्छ | ३ | ५.४६ |
| **जम्मा** | ४६ | ८३.६४ |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.३ मा संरक्षित बालबालिकाको बाबा नभएका कूल ४६ जना बालबालिकाहरू मध्ये बाबा नहुनुको कारण मृत्यु भएर भन्नेमा सबैभन्दा बढी (६३.६३%), आमाले अर्को विहे गर्दा बाबासँग बिछोड भएको भन्ने ९.०९%, बैदेशिक रोजगारबाट नफर्केका र जेलमा हुनुहुन्छ भन्ने अति कम (५.४६%) रहेको पाइन्छ । बालबालिकाको मुख्य संरक्षण गर्ने व्यक्तिको मृत्यु हुँदा संरक्षकको अभाव सृजना हुनु, बैदेशिक रोजगारमा गएका नर्फकदा, र विध्वंसतात्मक या कानुन विपरित कार्य गर्दा जेलमा बस्नुपर्दा यसको प्रत्यक्ष असर बालबालिकामा नै पर्दछ । मुख्य संरक्षकको अभाव बालबालिकाको लालनपालनमा नै समस्या आउनुले गर्दा उनीहरू वेसहारा बन्न पुग्दछन् ।

## ५.१.४ पारिवारिक आर्थिक स्थिति

मानिस स्वच्छ जिउनकोलागि एक प्रमुख मेरुदण्ड भनेको आर्थिक स्थिति नै हो । आर्थिकले गर्दा मानिसको जीवनमा धरै नै उतार चढाव आउँछ । त्यसैले मजभूत आर्थिक स्थिति हुनेको स्थिति राम्रो भएतापनि अति कमजोर आर्थिक स्थितिभएकाहरूको जीवन ज्यूनमा दुःखदायी हुन्छ । संरक्षित बालबालिकाको पारिवारिक स्थिति तालिका ५.४ बाट स्पष्ट पारिएको छ ।

**तालिका ५.४: उत्तरदाताको पारिवारिक आर्थिक स्थिति**

| पारिवारिक आर्थिक स्थिति | संख्या | प्रतिशत % |
|---|---|---|
| अति गरिबी | ३३ | ६० |
| गरिबी | २२ | ४० |
| **जम्मा** | ५५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.४ मा संरक्षित बालबालिका कुल ५५ जना मध्ये अति गरिवी परिवारका धेरैजसो (६०%) रहेका छन् । जसको घरवार पनि राम्रो नभएका, आम्दानीको स्रोत नै नभएका बिहान बेलुकाको दिनचर्या गुजार्न पनि गाऱ्हो रहेका मध्येका त्यसमा पनि बाबुआमा नभएका बालबालिकाहरू पर्दछन् । बाँकी रहेका (४०%) बालबालिकाको पारिवारिक आर्थिक स्थिति पनि दयनीय नै रहेको पाइन्छ । संरक्षित बालबालिकाका पारिवारको आन्तरिक या बाहिरी आम्दानीको स्रोत खुलेको भने पाइदैन ।

### ५.१.५ बाबाको पेशा

संरक्षित बालबालिकाको बाबाले अपनाएको पेशालाई तालिका ५.५ को माध्यमबाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.५: उत्तरदाता बालबालिकाका बाबाको पेशा**

| बाबाको पेशा | संख्या | प्रतिशत % |
|---|---|---|
| कृषि | ६ | १०.९१ |
| बैदेशिक रोजगार | २ | ३.६४ |
| मिस्त्रि | १ | २.१५ |
| **जम्मा** | ९ | १६.३६ |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.५ मा कुल ५५ जना उत्तरदाता बालबालिका मध्ये ९ जना बालबालिकाको मात्र बाबाहरू भएका र उनीहरूमध्ये कृषि पेशामा आवद्ध रहेका सबैभन्दा बढी (१०.९१%)

रहेको पाइयो । त्यसपछि क्रमशः बैदेशिक रोजगारमा ३.६४% र सबैभन्दा कम (२.१५%) मिस्त्रि पेशामा रहेको पाइयो । उक्त तथ्याङ्कबाट स्पष्ट हुन्छकि अत्यधिक बालबालिकाहरूले आफ्नो बाबु गुमाएका र थोरै मात्र बालबालिकाको बाबुहरूपनि राम्रो आयस्रोतको पेशा ( सरकारी जागिर, निजी जागिर, व्यापार व्यवसाय)मा नलागेकोले आफ्नो दिनचर्या विताउन, आर्थिक जुटाउनको निम्ति अत्यन्त धौ धौ परेको पाइन्छ । जसको कारणले गर्दा परिवारको दिनचर्या सही किसिमबाट वित्न नसकी बेसहारा स्थिति पैदा भएको पाइन्छ ।

### ५.१.६ आमाको पेशा

संरक्षित बालबालिकाको आमाले अपनाएको पेशालाई तालिका ५.६ को माध्यमबाट प्रस्तुत गरिएको छ ।

तालिका ५.६: उत्तरदाता बालबालिकाका आमाको पेशा

| आमाको पेशा | संख्या | प्रतिशत % |
|---|---|---|
| कृषि | १३ | २३.६३ |
| निजी जागिर | ५ | ९.०१ |
| व्यापार/व्यवसाय | १ | १.८१ |
| अन्य | ३ | ५.५५ |
| **जम्मा** | २२ | ४० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ५.६ मा कुल ५५ जना उत्तरदाता बालबालिका मध्ये आमा मात्र रहेका २२ जनामा कृषि पेशामा आवद्ध रहेका सबैभन्दा बढी (२३.६३%) रहेको पाइयो । क्रमश निजी जागिरमा (९.०१%), व्यापार व्यवसायमा (१.८१%), अन्यमा (५.५५%) रहेको पाइयो । उक्त तथ्याङ्कबाट स्पष्ट हुन्छकि अत्यधिक बालबालिकाहरूले आफ्नो आमा गुमाएका र थोरै मात्र बालबालिकाको आमा भएपनि न्यून आयस्रोतले गर्दा आफ्नो दिनचर्या विताउन, हातमुख जोर्नको लागि मुस्किल परेकोले परिवारको दिनचर्या सही किसिमबाट वित्न नसकी बेसहारा स्थिति पैदा भएको पाइन्छ ।

### ५.१.७ बालबालिकाहरू आफ्नो परिवार छाड्नको कारण

आधुनिकरणको प्रभाव, गैरजिम्मेवारीपनबाट दम्पत्तिहरू या गैर दम्पत्तिहरू मोजमज्जामा लिप्त हुनु, सम्बन्ध विच्छेद, दैविक प्रकोप, दीर्घरोग र परिवारमा विभिन्न विपति एवम् घटनाक्रमहरू आइलाग्दा यसको प्रत्यक्ष असर साना-साना अबोध बालबालिकाहरूमा पर्न जान्छ । त्यसैले उनीहरू बाध्य भएर आफ्नो घर छाड्न समेत पछि पर्दैनन् । बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण तालिका ५.७ बाट स्पष्ट पारिएको छ ।

**तालिका ५.७ बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण**

| घरपरिवार छाड्नुको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| कमजोर आर्थिक अवस्था | ४० | ७२.७२ |
| बाबा आमाको सम्बन्ध विच्छेद भएर | ८ | १४.५४ |
| आमा बाबु दुवैको मृत्यु भएर | ७ | १२.७२ |
| बाबा आमाको पहिचान नहुनु | ४ | ७.२७ |
| सौतेनी आामाको दुर्व्यवहार सहन नसकेर(घरेलु हिंसा) | ३ | ५.४५ |
| दैविक प्रकोप | २ | ३.६३ |
| आमाको मानसिक अवस्था ठिक नभएकाले | १ | १.८१ |
| **जम्मा** | ६५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

*उल्लेखित तालिका बहुउत्तर प्रश्नमा आधारित छ ।*

माथिको तालिका ५.७ अनुसार कूल ५५ जना उत्तरदाता बालबालिकाहरू मध्ये कमजोर आर्थिक स्थितिका कारण आफ्नो घरपरिवार छाड्न बाध्य भएको भन्ने सबैभन्दा बढी (७२.७२%), त्यसपछि बाबाआमाको सम्बन्ध विच्छेद पश्चात् आफु अलपत्र परेका कारणले भन्ने (१४.५४%), आमा बाबु दुवैको मृत्य पश्चात् संरक्षणको अभाव भन्ने (१२.७२%), आमा बाबु दुवै पहिचान नहुने (७.२७%), सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर (५.४५%), दैविक प्रकोपको कारणले असंरक्षित भएका (३.६३%) र सबैभन्दा न्यून आमाको मानसिक अवस्था ठीक नभएकाले घर छोडेको (१.८१%) रहेको पाइन्छ ।

मानिसको सामाजिक जीवनशैली, संस्कार, भाषा, धर्म र सस्कृति ऊ बसेको ठाउँ, समाज अनुसार फरक फरक हुन जान्छ । त्यसैले मानिसको समग्र जीवनशैलीलाई नै भूगोल एवम् प्राकृतिक वातावरण अनुसार भिन्न पार्दछ । तर हालको आधुनिकीकरण र विश्वव्यापीकरणले गर्दा यी कुराहरूलाई केही हदसम्म एक रूपता पार्न भने सकेको देखिन्छ । अहिलेको सामाजिक पृष्ठभूमिमा पनि यसको प्रभाव बढ्दो छ । जस्तोकि आफ्नो सामाजिक मुल्य मान्यता चटक्क छोडी पश्चिमेली संस्कृतिको संस्कृतिकरणले आधुनिकताको नाउँमा वैद दम्पतिहरू स-सानो पारिवारिक कलह, झैझगडाको निउँमा सम्बन्ध विच्छेदका घटनाहरू जसका कारणले बालबालिकाको जिम्मेवारीबाट टाढा रहनु साथसाथै अवैद यौन सम्पर्कबाट जन्मेका या अलपत्र पारिएका बालबालिकाहरू दिनप्रतिदिन बढ्दा छन् । जसको मार प्रत्यक्ष रूपमा बालबालिकामा परेको पाइन्छ । त्यस्तैगरी बहुविवाह, बालविवाह, अनमेल विवाह, अन्तरजातीय विवाहबाट जन्मेका बालबालिकाहरू जो आफ्ना बाबुआमाको गैर जिम्मेवारीपनाबाट पनि बालबालिकाहरू असंरक्षित हुने प्रक्रिया दिनप्रतिदन बढ्दै गएको पाइन्छ ।

# अध्याय : छ

## बालबालिकाहरू बालगृह आउनु पूर्व र पश्चात्‌को अवस्था

यस अध्यायमा मुख्यगरी संरक्षित बालबालिकाहरूको बालगृह आउनु पूर्वको अवस्था र बालगृह आए पश्चात्‌को अवस्था साथै पुनस्थापित एवम् उनीहरूको भविष्यको लक्ष्य सम्बन्धी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ६.१ परिवारबाट अलग पश्चात् आश्रय लिएको स्थान

संरक्षित वालवालिका आफ्नो परिवारबाट अलग भए पश्चात् आश्रय लिएको स्थानलाई तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ : परिवारबाट अलग भए पश्चात् आश्रय लिएको स्थान

| परिवार बाट अलग पश्चात् आश्रय लिएको स्थान | संख्या | प्रतिशत % |
|---|---|---|
| सडकमा दिन विताए | २० | ३६.३६ |
| आफन्त द्वारा संरक्षित (दाई, भाउजु, फूपू, मामली) | १३ | २३.६३ |
| अर्काको घर/होटल | ११ | २०.०२ |
| जेलमा (बुबासित) | ३ | ५.४५ |
| अन्य | ८ | १४.५४ |
| **जम्मा** | ५५ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ६.१ मा अनुसार कुल उत्तरदाता ५५ जना मध्ये घरपरिवार त्यागेपश्चात् सबैभन्दा बढी (३६.३६%) ले सडकमा दिन बताए भन्ने पाइयो । आफन्तजनबाट संरक्षित २३.६३% र सबैभन्दा न्यून ५.४५ जना बालबालिका बाबुसँगै जेलमा विताएको पाइयो । त्यस्तैगरी घर होटेलमा काम गर्न बस्नुका साथै अन्य साथीभाइको लहलहैमा लाग्नु, कुलतमा फसि नकरात्मक क्रियाकलापमा फसेको पनि भेटियो ।

संरक्षित बालबालिकाहरूले घरत्यागे पश्चात्‌को दिनचर्या कसरी बितेको थियो भन्ने जिज्ञासमा धेरैजसोले दिन विताउन साह्रै गाह्रो भएको कुरा बताएका थिए । त्यसपछि

सडक जिवनमा जोखिमपूर्ण र कष्टकर दयनीय हुँदोरहेछ भन्ने कुरा बताए भने पढ्न, खान बस्न समस्या हुने साथसाथै आफ्नो मानिसको साथमा नहुँदा नरमाइलो महसुस भएको जानकारी दिए । कुल ५५ जना उत्तरदाता बालबालिकालाई सोधिएकोमा केही जना बालबालिकाहरू आफ्नो मान्छेको घरमा आश्रय लिएको र केहीले उत्तर दिन नचाहेको पाइयो ।

## ६.२ बालगृह आउनु पूर्वको क्रियाकलाप

असंरक्षित वालवालिकाहरू बालगृह आश्रय लिनु अगाडि घरपरिवारबाट अलग भई विभिन्न क्रियाकलाप संलग्न पश्चात् उनीहरू कहाँ कस्तो कस्तो ठाउँमा के के गरी दिन विताउथे भनी तथ्य जानकारी लिएको अवस्थालाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ : बालगृह पूर्वको क्रियाकलाप**

| **बालगृह पूर्वको क्रियाकलाप** | **संख्या** | **प्रतिशत %** |
|---|---|---|
| सडकमै दिन बिताइ प्लाष्टिक सामाग्री बटुल्नु | २० | ३६.३६ |
| आफ्नो मान्छेकोमा बस्नु | १८ | ३२.७२ |
| घर या होटलमा बाल श्रम गर्नु | ११ | २०.०० |
| चौरी एवम् लागू औषधको कुलतमा फस्नु | ८ | १४.५४ |
| आफ्नै परिवार साथ रहनु | ३ | ५.४५ |
| **जम्मा** | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

*उल्लेखित तालिका बहुउत्तर प्रश्नमा आधारित छ ।*

तालिका ६.२ अनुसार बालगृहमा आउनु पूर्व वालवालिकाहरूको संलग्नतालाई हेर्दा अध्यधिक (३६.३६%) रूपमा सडकमै दिन बिताइ प्लाष्टिक सामाग्री बटुल्नु र रातमा सडक छेउका पेटीमा गुजारा गरेको पाइयो । यी मध्ये केहीले दिउँसो सडकमा हिड्ने रातीमा होटेलमा काम गर्ने गरी दोहोरो रूपमा हिडेको पाइयो भने । बालगृह आउनु पूर्व ३२.७२% ले आफ्नै मान्छेकोमा बसेको उनीहरूकै सहायताले बालगृहमा सम्पर्क गरेको भन्ने पाइयो । त्यस्तैगरी गरी घरबाट निक्लि विभिन्न क्रियाकलापमा संलग्न हुँदै घर या होटलमा का गर्न

पुगेको भन्ने २०.०० प्रतिशतले बताए । साथी भाइहीको लहलहैमा चोरी एवम् लागु औषधको कुलत (सुइ हान्ने, डेन्ड्रफ सुघ्ने, चुरोट, गाजा खाने) मा लाग्ने १४.५४ प्रतिशत भेट्टियो । अत्यन्त कम (५.४५%) संख्याका बालबालिकाहरू घरपरिवार साथ रहेको बताए । आर्थिक कमजोरीको कारणले परिवारले नै बालगृहमा राखेको कुरा बताए ।

## ६.३ बालबालिकालाई बालगृहसम्म लाने सहयोगीहरू

अनाथ, बेसहारा, सडकमा जीउन बाध्य, कुलतमा लागेका अथवा आफ्नो परिवार गुमाइ सहारा नपाएका बालबालिकाहरूलाई संरक्षण या आश्रय स्थलसम्म पुऱ्याउन उल्लेखनीय भूमिका बहन गर्ने परिवार, व्यक्ति, संघसस्थाहरूको विस्तृत विवरण तलको तालिका ६.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.३ : बालगृह लैजानको निम्ति सहयोगीहरू

| सहयोगीदाता | संख्या | प्रतिशत |
|---|---|---|
| संघसंस्थाको सहयोग मार्फत् | २६ | ४७·२७ |
| छिमेकी/आफन्तको सहयोगबाट | १९ | ३४·५५ |
| घरपरिवारबाटै | ३ | ५·४५ |
| अन्य | ७ | १२·७३ |
| **जम्मा** | **५५** | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ६.३ अनुसार आश्रित कुल ५५ जना उत्तरदाताबालबालिकाहरू बालगृहसम्म ल्याउनका लागि उल्लेखनीय भूमिका निर्वाह गर्ने अत्यधिक (४७.२७%) मात्रामा सामाजिक संघसंस्था नै रहेको पाउन सकिन्छ । त्यसपछि छिमेकि वा आफन्तको सहयोगबाट ३४.५५ प्रतिशत रहेको छ भने न्यून (५.४५%) मात्रामा सिधै घरपरिवारबाट नै बालगृहमा लगेको पाइन्छ । अन्य अथवा विविध कारणहरूबाट बालगृहमा आश्रय लिन गएका १२.७३ प्रतिशत रहेका छन् । उक्त तथ्याङ्कबाट के थाहा हुन्छ भने विविध कारणबाट बालबालिकाहरू असंरक्षित बेसहारा एवम् अलपत्र परेपनि सामाजिक भावनाले खोलिएका बालबालिका

सम्बन्धी संघसंस्थाहरू लगायत अन्य संघसंस्थाले बालबालिकाको हितमा उल्लेखनीय कार्य गरेको पाउन सकिन्छ ।

## ६.४ बालगृहमा बालबालिकालाई प्रदान गरिने सुविधाहरू

अनाथ, बेसहारा, बालबालिकाहरू जो घरपरिवारको मायाममताबाट टाढा छन्, भैपरि आएको दुर्घटनाका कारण परिवार गुमाएका छन् या घरपरिवारबाट नै हिंसायुक्त छन् त्यस्ता बालबालिकाहरूलाई सुनौलो भविष्य दिनको लागि, राम्रो पारिवारिक वातावरण दिनको लागि, भविष्यमा उनीहरू पनि अन्य बालबालिकाहरू सरह जिउनको लागि यस नमस्ते र ओन्नी बालगृहले बालबालिकाको निम्ति प्रदान गरेका सुविधाहरू तालिका ६.४ मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ६.४: बालगृहमा पाएको सुविधा

| बालगृहमा पाएको सुविधा | संख्या | प्रतिशत % |
|---|---|---|
| खानबस्न | ५५ | १०० |
| शिक्षा | ५५ | १०० |
| स्वास्थ्य सरसफाई लत्ता कपडा | ४० | ७२.७२ |
| पूर्ण छात्रवृत्ति | २२ | ४०.०० |
| **जम्मा** | १७२ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

*उल्लेखित तालिका बहुउत्तर प्रश्नमा आधारित छ ।*

तालिका ६.४ मा कूल उत्तरदाता बालबालिका ५५ जना (१००%)ले नै खानबस्न र शिक्षाको लागि सुविधा पाएको स्विकारे । स्वास्थ्य सरसफाई लत्ता कपडाको सुविधा पनि छ भन्नेहरू ७२.७२ प्रतिशत रहेको र पूर्ण छात्रवृत्ति पाएको ४० प्रतिशतले जनाए । उक्त तथ्याङ्कबाट बालगृहले संरक्षित बालबालिकाहरूलाई “बालबालिकाको बाँच्न पाउने अधिकार”लाई आत्मसात गरी सामान्य मूलभूत कुराहरू पूरा गरेको पाउन सकिन्छ ।

## ६.५ आश्रित बालबालिकाहरू पढ्ने स्कुलको प्रकृति

संरक्षित असहाय बालबालिकाहरूलाई अन्य बालबालिका सरह शिक्षा दिने हेतुले विविध क्षेत्रबाट रकम जुटाई, विभिन्न दातृ निकायसँग पुकारेर उनीहरूको उचित शिक्षाको निम्ति कूल संरक्षित ५५ जना बालबालिकाहरूलाई अङ्ग्रेजी माध्यमबाट पढाई हुने निजी विद्यालयमा नै उनीहरूको उमेर अनुसारको कक्षामा राखि अध्ययन अध्यापन गराइएको पाइयो ।

## ६.६ पढाईका साथसाथै अन्य अतिरिक्त क्रियाकलापहरू

संरक्षित बालबालिकाहरूलाई सामाजिक, शारीरिक, मानसिक एवम् संवेगात्मक माध्यमबाट स्वस्थस्फुर्त राख्नको लागि उनीहरूलाई पढाइको अतिरिक्त अन्य अतिरिक्त क्रियाकलापको पनि आवश्यकता पर्दछ । त्यसै आवश्यकतालाई मध्यनजर राख्दै विविध क्रियाकलापमा सहभागी गराएको पाइन्छ । जसको विस्तृत विवरण तालिका ६.५ मार्फत् प्रस्तुत गरिएको छ ।

तालिका ६.५: संरक्षित गृहमा बालबालिकाहरूका निम्ति अतिरिक्त कार्य

| अतिरिक्त क्रियाकलाप | संख्या | प्रतिशत |
|---|---|---|
| स्वास्थ्य/सरसफाई सम्बन्धी | ४५ | ८१.८१ |
| खेलकुद एवम् साँस्कृतिक कार्यक्रम | ३७ | ६७.२७ |
| तालिम/सामाजिक | ३७ | ६७.२७ |
| विविध | ५१ | ९२.७२ |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

*उल्लेखित तालिका बहुउत्तर प्रश्नमा आधारित छ ।*

तालिका ६.५ मा कुल ५५ जना उत्तरदाता बालबालिकाले दिइएको जानकारी अनुसार स्वास्थ्य/सरसफाई सम्बन्धी अतिरिक्त क्रियाकलाप हुने जानकारी गराउने ८१.८१ प्रतिशत, खेलकुद एवम् साँस्कृतिक कार्यक्रमको जानकारी गराउने ६७.२७ प्रतिशत, अन्य तालिमहरू लगायत सामाजिक कार्यको लागि पनि ६७.२७ प्रतिशत रहेको, अत्यधिक मात्रामा विविध

अतिरिक्त कार्यक्रम अन्तर्गत ९२.७२ प्रतिशतले जानकारी गराए । उक्त बालबालिकाहरूले दिएको तथ्याङ्क अनुसार स्कुलको पढाईको अतिरिक्त बालबालिकाको बौद्धिक विकासको लागि बालगृहमा नै विभिन्न स्वस्थवर्द्धक, सरसफाई, खेलकुद, साँस्कृतिक कार्यक्रम अन्तर्गत विभिन्न समयमा मनाइने चाडपवहरू लगायत सामाजिक कार्यहरूले अनाथ बालबालिकाको सामाजिकीकरणमा सहजता पुऱ्याएको देखिन्छ ।

## ६.७ आश्रित बालबालिकाहरूको भविष्यको इच्छा बालगृहसमक्ष प्रतिक्रिया

संरक्षित बालबालिकाहरूले बालगृहमा आश्रय पाएपनि उनीहरूको शिक्षा दिक्षा भने बालगृहले निजी स्कुलमा गरिदिएको हुँदा उनीहरू शैक्षिक दृष्टिकोणबाट बञ्चित हुनुपरेको अवस्था भने नभएको पाइयो । आश्रित बालबालिकाहरू मध्ये धेरैजसो बालबालिकाहरू भविष्यमा शिक्षक/शिक्षिका बनी देशको सेवा गर्ने बताए । त्यसपछि केही बालबालिकाहरूले डाक्टर बन्ने, केही बालबालिकाहरूले समाजसेवी, नर्स, फुटबल खेलाडी बन्ने चाहना राखेको पाइयो । न्यून संख्याले क्रमशः इन्जिनियर, पुलिस/आर्मी, शिक्षक/शिक्षिका, चित्रकार, वकिल, व्युटिसियन, लेखिका, कोरीयोग्राफर, एयर होस्टेज, बन्ने कुरा बताए । संरक्षित बालबालिकाहरूले बालगृह समक्ष कुनै प्रतिक्रिया दिएनन् । बालगृहले आफुहरूलाई राम्रो गरेको बताए । केही जनाले भने गरिव तथा उत्पीडनमा परेको बालबालिका तथा महिलाहरूको जीवन सुधार्ने राम्रो कार्य गरेको बताए (स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

## ६.८ बालबालिकाहरू आफ्नै घरपरिवारमा पुर्नस्थापनाको चाहना

संरक्षित बालबालिकाहरूले आफ्नो घरपरिवारमा फर्कन चाहना छ ? भन्ने जिज्ञासामा धेरैजसो बालबालिकाले पुर्नस्थापना हुन चाहेको, केही प्रतिशतले घर फर्कन चाहना त छ तर पनि आफ्नो परिवार नै छैन कहाँ जाने भन्ने जवाफ पाइयो । केहीले अध्ययन, रोजगारी, सीप तालिम पश्चात् भविष्य निर्माण गरेर मात्र घर फर्कने जनाए अत्यधिक मात्रामा रहेका बालबालिकाहरूबाट केही पनि उत्तर पाउन सकिएन (स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

## ६.९ हालसम्म पुर्नस्थापित बालबालिकाको विवरण

संरक्षित बालबालिकाहरूको घरपरिवारको आर्थिक स्थिति एवम् अन्य विविध समस्यामा आएको सुधार, संरक्षित बालबालिकाको घरपरिवार फर्कन चाहना, उनीहरूको शैक्षिक एवम् विविध सिप, तालिमको साथसाथै रोजी रोटीको ग्यारेन्टी पश्चात् उनीहरूको इच्छा र चाहनालाई बुझि बालगृहले पुनस्थापन गरेको पाउन सकिन्छ । पुर्नस्थापित बालबालिकाहरूको कक्षागत विवरण तालिका ६.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.६ : संरक्षित बालबालिकाहरू कक्षा अनुसार पुनस्थापित विवरण**

| कक्षागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नर्सरी - ५ | - | - |
| कक्षा ५-१० | २६ | ५०.९८ |
| एस.एल.सी.पास | १७ | ३३.३३ |
| + २ पास | ५ | ९.८० |
| वि.ए.पास | ३ | ५.८८ |
| **जम्मा** | ५१ | १०० |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७१ ।

तालिका ६.६ मा कुल पुनस्थापित ५१ जना बालबालिकाहरू मध्ये नर्सरी देखि कक्षा ५ सम्म अध्ययन गर्ने बालबालिकाहरू कुनैपनि पुर्नस्थापित भएको पाइदैन । कक्षा ५-१० सम्मका बालबालिकाहरू बढी (५०.९८%) पुनरस्थापित भएको पाइन्छ । त्यसपछि एस.एल.सी.पास हुने (३३.३३%) रहेको  र +२ पास हुनेमा ५.८८ प्रतिशत र बि.ए. पास हुनेमा ५.८८ प्रतिशत पुनरस्थापित भएको पाइन्छ ।

## ६.१० संरक्षित बालबालिकाको बालगृह एवम् सरकारलाई सुझाव

अध्ययन क्षेत्रमा संरक्षित बालबालिकाहरूको बालगृहप्रति धेरैजसोको माग एवम् सुझाव भन्नु नै भइरहेको सेवासुविधामा थप सहयोग गर्नुपर्ने, बालगृहमा संरक्षित बालबालिकाहरूलाई अध्ययन पश्चात् रोजगारीको अवसर सुनिश्चित दिलाउनु पर्ने, अन्य आय आर्जन र

सीपमुलक तालिमको पनि व्यवस्था गरिनुपर्ने, त्यस्तैगरी सरकारले पनि यस्ता बालगृहको मात्र मुख नताकि गरिव तथा अनाथहरूको लागि गासवासको व्यवस्था मिलाइदिनुपर्ने, अनाथ बालबालिकाहरूलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउनुपर्ने, पढाई पश्चात् रोजगारीको व्यवस्था ग्यारेन्टी गरिदिनुपर्ने बताए । केही साना साना बालबलिकाहरूले भने बालगृहले सरकारले के गरिदिने भन्ने कुराको जानकारी नै दिन नसकेको पाइयो ।

## ६.११ अबलोकनबाट प्राप्त तथ्याङ्कहरू

अनुसन्धानको समयमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा देखिएका दृष्टिले भ्याएसम्मका क्रियाकलापहरूलाई विभिन्न उपशीर्षकको माध्यमबाट समेट्ने प्रयास गरिएको छ ।

### ६.११.१ बालगृहको बाहिरी बस्तुस्थिति

बालगृहको बस्तुस्थिति हेर्दा सुन्दर, शान्त मनोरम स्थलमा रहेको पाइयो । विभिन्न जात, धर्म, वर्ग क्षेत्र, संस्कृति, परिस्थिति, उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित बनाई पारिवारिक वातावरण दिइ बालबालिकाहरूलाईलाई संरक्षण दिइएको पाइयो । बस्ने, पढ्ने र खेल्ने ठाउँहरूको अवस्था हेर्दा त्यहाँ बस्ने सम्पूर्ण बालबालिका तथा कर्मचारीको संलग्नतामा नियमित सरसफाई गर्ने गरेको । यसको साथसाथै बालबालिकाद्वारा सामाजिक दायित्व बोधको लागि आफ्ना आसपासका क्षेत्रहरूमा त्रैमासिक रूपमा सरसफाई कार्यक्रम पनि गर्ने गरेको पाइयो (स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

### ६.११.२ शिक्षा

बालबालिकाको शिक्षाको निम्ति बालगृह व्यवस्थापनले नियमित रूपमा प्रायगरी निजी विद्यालयमा अध्ययनको व्यवस्था गरेको सो बाहेक अन्य शिक्षाहरू जस्तैः कम्प्यूटर कक्षा, नृत्य अंग्रेजी कक्षा, आर्ट सम्बन्धी कक्षा आदिको नियमित आयोजना गर्ने गरेको देखियो । पढाईमा कमजोर रहेका १६ वर्ष पूरा भएका बालबालिकाहरूलाई रोजगारमूलक तालिमहरूको व्यवस्था सहित रोजगारको लागि पहल गर्दै गरेको पाइयो (स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

### ६.११.३ स्वास्थ्य/मनोरञ्जन/खेलकुद

नियमित रूपमा विहानी योगा, शारीरिक अभ्यास, स्वस्थ्य परिक्षण, उपचार, सन्तुलित आहार, आदि प्रदान गर्ने गरिएको भेटियो । विविध आउटिङ, टेलिभिजन, कार्टुन फिल्महरू, ज्ञानबर्धक डकुमेन्ट्री र नियमित वनभोजहरू, ट्रेकिङ आदिको आयोजनागर्ने गरेको पनि पाइयो । विशेषत फुटबल, टेबल टेनिस, चेस, भलिबल, क्यारमबोर्ड, लुडो, डोरी, लगायत अन्य इनडोर र आउटडोर क्रियाकलापहरूको आयोजना गरी संरक्षित सबै बालबालिकाहरूलाई उत्साहित गर्ने उद्देश्यले सहभागी गराई खेलाउने गरेको पाइयो ( स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

### ६.११.४ प्रतिभा प्रस्फुटन कार्यक्रम एवम् बाहिरी संघसंस्थामा सहभागिता

संरक्षित बालबालिकाको निमित साप्ताहिक रूपमा सञ्चालन हुने प्रतिभा प्रस्फुटन कार्यक्रम जसमा नृत्य, नाटक, चुड्किला, गायन, उद्घोषण, बक्तृत्वकला, आदिको आयोजना गर्ने गरेको । अन्य संघ संस्थाद्वारा सञ्चालित बालबालिका सम्बन्धी विविध कार्यक्रमहरूमा सक्दो सहभागी गराइएको जस्तै विविध तालिम, गोष्ठि, जनचेतनामुलक कार्यक्रम, बालअधिकार, दुर्व्यवहार, जनचेतना आदि यसका साथै संस्थाको बालबालिका सम्बन्धी गतिविधिहरू छलफलको लागि सहभागी गराउँदै आएको पाइयो (स्थलगत अध्ययन सर्वेक्षण, २०७१) ।

### ६.११.५ सामान्य खर्च वितरण एवम् सामाजिकीकरण

बालबालिकाहरूको आफ्नै इच्छा बमोजिमका सामाग्री किन्न तथा पैसाको सहि सदुपयोग तरिका सिकाउन मासिक रूपमा केही रकमको विवरण गर्ने गरेको । वार्षिक २ पटक घर वा नातेदारकोमा पठाउने गरेको तथा नियमित शैक्षिक भ्रमणको आयोजना गर्ने गरेको । यसका साथै शैक्षिक विदाका दिनहरूमा विशेष कार्यक्रमका तालिकाहरू बनाई बालबालिका परिचालन तथा व्यवस्थापन जिम्मेवारी दिने गरेको र हरेक चाड पर्व मनाउने र संस्कृतिको बारेमा जानकारी दिने गरेको देखियो ।

## ६.१२ मुख्य जानकार व्यक्तिसँगको छलफल

### ६.१२.१ संस्थाको परिचय र उद्देश्य

“समाजको सर्वाङ्गिण विकासको निम्ति परोपकारी भावना” भन्ने मुल नाराका साथ स्थापित भएको यस नमस्ते सामुदायिक प्रतिष्ठान पूर्व नमस्ते बालगृह कास्की परोपकारी संस्थाको रूपमा २०६० साल जेष्ठ २७ गते जिल्ला प्रशासन कास्कीमा दर्ता (११७९/०६०) गरी समाज कल्याण परिषद्मा आवद्ध (१४९०२/०६०) भई नियमित रूपमा विविध सामाजिक क्रियाकलापहरू गर्दै आइरहेको पाइयो । यो संस्था मानव सेवाको मुल मर्मलाई आत्मसात् गर्दै संस्थापक अध्यक्ष श्री भिष्मराज पौडेलज्यूको अगुवाईमा यस क्षेत्रका केही समाजसेवी तथा व्यवसायीहरूको पहलमा आफ्ना सामाजिक दायित्व पूरा गर्न स्थापित भएको बुझियो । असहाय तथा अनाथ बालबालिकाहरूलाई संरक्षण गर्ने, आवश्यक सामाजिक क्रियाकलाप गर्ने उद्देश्य लिएको यस संस्थाका निम्न उद्देश्य रहेको पाउन सकिन्छ ।

१. समाजको असाहय बाल बालिकाहरूको पालनपोषण आश्रय, शिक्षा, स्वास्थ्य र रोजगारको सुविधाबाट बञ्चित हुन नदिन बालगृह सञ्चालन गर्ने ।

२) गरिव तथा जेहेन्दार बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्ति सहयोग उपलब्ध गराउने ।

३) पीछडिएका समुदायहरूका मानिसहरूको लागि आय वृद्धि गराई समाजलाई समृद्ध र गरिवीबाट मुक्त गराउन विभिन्न सामुदायिक कार्यक्रम सञ्चालन, आयमुलक सीप व्यवासायिक तालिम र रोजगार उपलब्ध गराउने ।

४) समाजका पीछडिएका जनजाति तथा समुदायको सामाजिक, आर्थिक, शैक्षिक, वातावरण र स्वास्थ्यको स्थितिमा सुधार ल्याउन सुलभ व्याजदरमा साना व्यवसाय सञ्चालनको लागि ऋण उपलब्ध गराउने ।

५) कान सम्बन्धी समस्या भएका मानिसहरूलाई निःशुल्क उपचार तथा सुन्ने मेशिन प्रदान गर्ने ।

६) नेपाल सरकारको मातहतमा रहेका स्कुलहरूलाई शैक्षिक तथा भौतिक सहयोग प्रदान गर्ने ।

७) विभिन्न सरकारी स्वास्थ्य चौकी, जिर्ण विद्यालय, आदिसँग समन्वय गरि आवश्यक सहयोग गर्ने ।

### ६.१२.२ अनाथ बालबालिकाहरूप्रति संस्थाको धारणा

बालगृहका मुख्य जनकारका अनुसार मुख्यतया बालबालिकाहरू बेसहारा हुने मुख्य कुरा आर्थिक अवस्थाको कमजोरी नै हो । आर्थिक रूपले सम्पन्न भए बालबालिकाहरू धेरै हदसम्म बेसहारा हुनबाट जोगिन्छन् । तसर्थ सरकारी, गैर सरकारी निकायहरू तथा समाजमा बसोबास गर्ने सबैले समुन्नत आर्थिक विकासको लागि सक्दो पहल गर्नुपर्ने हुन्छ । यसका साथै समुन्नत आर्थिक विकासको लागि अत्यन्त आवश्यक तत्वको रूपमा रहेको औपचारिक शिक्षालाई समय सुहाउँदो परिवर्तन र यसको अनिवार्यतालाई ध्यानि दिनु जरुरी देखिन्छ भन्ने जस्ता जानकारी पाइयो ।

### ६.१२.३ अनाथ बालबालिका बालगृहमा प्रवेश गर्ने प्रावधान

बालगृहमा बालबालिकाहरू संरक्षणको लागि सबैभन्दा पहिले सो बालबालिकाहरू सम्बन्धी जानकारी हुने गरि निवेदन आवश्यक पर्ने जानकारी पाइयो जुन नातेदार, छिमेकी, शिक्षक, सामाजिक संघ संस्थाहरू आदि जोसुकैले पनि दिन सक्ने प्रावधान रहेको पाइयो । यसरी प्राप्त भएको निवेदनको प्रकृति अनुरूप अत्यन्त जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी यस संस्थाका कर्मचारीहरूबाट सम्पूर्ण जानकारीहरू हासिल गर्ने र व्यवस्थापन समितिमा राख्ने तत्पश्चात व्यवस्थापन समितिले बालबालिकाको जोखिम अवस्था, नातेदारले हेर्न सक्ने अवस्था, अन्य वैकल्पिक व्यवस्था, संस्थाको आर्थिक अवस्था आदिलाई मध्यनजर गर्दै बालबालिका भर्ना वा अन्य सहयोग सम्बन्धी निर्णय गरिने पाइयो । भर्ना गरिने सम्पूर्ण बालबालिकाहरूको अन्य आवश्यक विवरणहरू लगायत छिमेकी मुचुल्का, जन्म दर्ता, बुबा आमाको मृत्यु दर्ता, सरकारी कार्यालयको सिफारिस आदि आदिको जाँचबुझद्वारा मात्र बच्चा बेसहारा भएको एकिन गरिने यसको विवरण जिल्ला बाल कल्याण र महिला तथा बालबालिका मन्त्रालयमा पनि पठाइने गरेको पाइयो ।

### ६.१२.४ आश्रित बालबालिकाको पारिवारिक पृष्ठभूमि

बालगृहमा संरक्षित बालबालिकाहरू विशेषत बुबा आमा जेल परेका, बुबा आमा दुवै गुमाई आफन्तले संरक्षण दिन नसक्ने, कम उमेरका सडक बालबालिका द्वन्द पीडित, बुबाआमा नभएका घरेलु कामदार, भुस्खलन तथा दैवी प्रकोपमा परेका, बुबा आमा सम्बन्धी कुनै जानकारी नभएका लगायत हिंसा पीडित रहेको जानकारी पाइयो ।

### ६.१२.५ बालबालिकाहरू अनाथ हुनुको कारण

बालबालिकाको अनाथ हुनेको कारणमा गरिव परिवार, त्यसमा पनि बुवा, आमा गुमाएका, जेल परेका, आफन्तले संरक्षण दिन नसक्ने, सम्पूर्ण परिवार द्वन्दबाट पीडित भएका परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भई कलिलो उमेरमानै घरेलु कामदारको रूपमा कार्य गर्न बाध्य परेका तथा विविध कारणवश बुवाआमाले जिम्मेवारी लिन नचाहेका, देवीप्रकोपमा परि घरवार नभएका तथा लैगिक हिंसा आदिको कारणले गर्दा नै बालबालिकाहरू संरक्षण गृहमा जान बाध्य हुने जानकारी पाइयो ।

### ६.१२.६ बालबालिकाको निम्ति संस्थाको योगदान

बालबालिकाको स्तर मुताविक संस्थाले विविध सहयोग गर्दै आएको पाइयो । पूर्ण अनाथ, बाबुआमा जेल परेका तथा अत्यन्तै जोखिममा रहेका बालबालिकाहरूलाई पूर्ण बाल अधिकार सहितको संरक्षण प्रदान गरेको, अर्ध अनाथ, गरिब परिवारका बालबालिकाहरूलाई कक्षा १० सम्म पूर्ण छात्रवृत्ति दिइएको जसमा विद्यालयमा आवश्यक सम्पूर्ण खर्चहरू तथा अन्य आवश्यक सामाग्रीहरू संस्थाले नै बेहोर्ने गरेको पाइयो । संस्थाले परिवार आत्मनिर्भर भए बालबालिकाहरू स्वयं सक्षम बन्छन् भन्ने धारणालाई मध्यनजर गरी एकल महिला, विधवा, गरिव, पिछडिएका, द्वन्दपीडित महिलाहरूलाई विविध किसिमका तालिम, रोजगार तथा लघु उद्धमी बन्न प्रेरणा दिई बालबालिकाको शिक्षा, स्वास्थ्य, औषधी उपचारमा सहयोग पुऱ्याएको पाइयो । अन्य कान सम्बन्धी समस्या भएका बालबालिकाहरूलाई निःशुल्क उपचारको साथै सुन्ने मेशिन वितरण, अध्ययन गर्न समस्या हुने बालबालिकाहरूलाई विशेष तालिमको व्यवस्था साथै अध्ययन राम्रो बालबालिकालाई उच्च शिक्षा समेत निःशुल्क गरेको पाइयो ।

### ६.१२.७ संरक्षित बालबालिकाको खर्चको स्रोत

संरक्षित बालबालिकाको खर्च व्यवस्थापनको निम्ति संस्थाले विभिन्न दातृनिकायहरूसँग सहयोगी हात फैलाएको, पोखरा घुम्न आउने पर्यटकहरूसँग सहयोग गर्न अनुरोध गरेको, पोखरा तथा आसपासका व्यवसायीहरूलाई अनुरोध, हस्तकला सामाग्रीहरूको बेचविखन, लगायत अन्य कोष संकलन सम्बन्धी क्रियाकलापहरूबाट यस संस्थामा आश्रित बालबालिकाहरूको लागि आवश्यक खर्चको व्यवस्था गरिएको छ । संस्थाद्वारा सञ्चालित

अन्य कार्यक्रमबाट केही अंश बालबालिकाको लागि स्याहार संम्भारको लागि छुट्याउने पहल गरिएको पाइयो ।

### ६.१२.८ आश्रित बालबालिकालाई पुर्नस्थापित गर्ने

आश्रित बालबालिकालाई पुर्नस्थापना गर्नुभएको छैन भन्ने जिज्ञासामा संस्थाले अनाथ बालबालिकाहरूलाई उद्धार गरेका कूल १०६ जना बालबालिकाहरू मध्ये कूल ५१ जना बालबालिकाहरूलाई सफतापूर्वक पुर्नस्थापना गरिसकेको जुन बाबालिकाहरू पोखरा आसपासका ठाउँहरूमा सक्रिय रूपमा कार्य गरिरहेको जानकारी पाइयो । पुनस्थापित बालबालिकाहरू मध्ये उनीहरूको संलग्नता शिक्षण पेसामा, सेवामुलक कार्यमा, बैदेशिक रोजगारमा लागेको पाइयो ।

### ६.१२.९ बाल संरक्षण जस्तो जिम्मेवारी कार्यमा संलग्नतामा चासो एवम् सुझाव

मुख्यतया आफ्नो राज्यमा कुनैपनि नागरिक ढुक्कसँग बाँच्न पाउने अधिकारको बोध गराउने सरकार भएतापनि विविध कारणले निरिह बन्न पुगेको छ । कतिपय ठाउँमा संरक्षणका योजनाहरू ल्याइए पनि सफल हुन नसकेको अवस्था त छदै छ । पीडित बालबालिकाहरूको दयनीय अवस्था सरकारले गर्छ भनेर मुख ताक्नु भन्दा सेवाको भावनाले विभिन्न दातृ निकाय, संघसंस्थालाई, मनकारी व्यक्ति एवम् व्यवसायीहरूलाई हार गुहार गरी पीडित पक्षको दर्दनाक अवस्थाबाट समाजमा हुने बाल मृत्युदर, वेश्यावृत्तिको विकास, चोरी डकैतिको विकास बाल मजदुरीको विकास, लागु पदार्थको सेवन तथा क्रियाकलापको विकास लगायत पारिवारिक हिंसा समेत वृद्धि भई समाजमा नकरात्मक स्थिति सिर्जना हुने र यसले समाज विकासको बाधक बन्न सक्नाले सामाजिक उत्तरदायित्व वहन गर्नको निम्ति नै यस संस्थाको जन्म गराएको पाइयो । बेसहारा बच्चाहरू समेट्ने कार्य शुरुमा झन्झटिलो लागेता पनि वास्तवमा सबैभन्दा पुण्यको कार्य गरेको अनुभूति गरेको पाइयो । कोही नभएका बालबालिकाहरूलाई समुन्नत भविष्य दिई समाजमा अन्य व्यक्ति सरह जिउने मौका दिएको भेटियो । बालबालिकाहरू बेसहारा हुने मुख्य कुरा आर्थिक अवस्थाको कमजोरीले हो । आर्थिक रूपले सम्पन्न भए बालबालिकाहरू धेरै हदसम्म बेसहारा हुनबाट जोगिन्छन् । तसर्थ सरकारी, गैर सरकारी निकायहरू तथा समाजमा बसोबास गर्ने सबैले समुन्नत आर्थिक विकासको लागि सक्दो पहल गर्नुपर्ने हुन्छ । समुन्नत आर्थिक विकासको

लागि सक्दो पहल गर्नुपर्ने औपचारिक शिक्षलाई समय सुहाउँदो परिवर्तन र यसको अनिवार्यलाई ध्यान दिनुपर्ने तर्क पाइयो ।

## ६.१३ संरक्षित बालबालिकाहरू पुर्नस्थापित पश्चात् संलग्नता

### ६.१३.१ पुर्नस्थापित बालबालिकाको विवरण

अध्ययन क्षेत्र (नमस्ते, उन्नी बालगृह) मा संरक्षित १०६ बालबालिकाहरू मध्ये ५५ जना बालबालिकाहरू संरक्षित भैरहेको र ५१ जना बालबालिकाहरू पुनरस्थापित भइसकेको पाउन सकिन्छ । बालबच्चाहरू पुनरस्थापन हुनु भनेको समाज, परिवारसित संयोग हुनु हो । जुन संयोगले पारिवारिक, सामाजिक अवस्था मजभूत हुन पुग्दछ । कक्षा अनुसारको पुनरस्थापित बालबालिकाहरू तालिका ६.७ बाट स्पष्ट पार्न सकिन्छ ।

तालिका ६.७ : संरक्षित बालबालिकाहरू कक्षा अनुसार पुनरस्थापित विवरण

| पुनस्थापित भएका बालबालिकाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| कक्षा १-५ सम्मका | - | - |
| कक्षा ५- १० सम्मका | २७ | ५२.९५ |
| एस.एल.सी. पासहुने | १५ | २९.४२ |
| + २ मा पास | ७ | १३.७२ |
| व्याचलर पास | ३ | ५.८८ |
| **जम्मा** | ५१ | १०० |

स्रोतः नमस्ते सामुदायिक प्रतिष्ठान वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ६.७ अनुसार कुल पुनरस्थापित ५१ जना बालबालिकाहरू मध्ये सबै भन्दा बढी (५२.९५%) बालबालिकाहरू कक्षा ५-१० सम्म अध्ययनरत रहेका छन् नर्सरी देखि ५ कक्षा सम्मका पुनरस्थापित संख्या भने शुन्य रहेको पाइन्छ । अन्यमा एस.एल.सी.(२९.४२%), +२ पास (१३.७२%), व्याचलर (५.८८%) रहेका छन् ।

विशेषत बालगृहको नियम अन्तर्गत संरक्षित बालबालिकाहरूलाई एस.एल.सी. दिएपश्चात अनिवार्य रूपमा घरपरिवार हुने घर परिवार र नहुनेलाई कुनै न कुनै संघसंस्थाको

सहयोगबाट उनीहरूको सम्पूर्ण रोजी रोटीको व्यवस्था गर्ने रहेपनि अध्यधिक मात्राका संरक्षित बालबालिकाहरू एस.एल.सी. पास हुनुभन्दा अगावै पुनरस्थापित भएको पाइन्छ । संरक्षित बालबालिकाहरूको प्रकृति हेर्दा यिनीहरू आफ्ना विविध कारणले गर्दा घरपरिवार छोडी बस्नुपर्दा शारीरिक, मानसिक एवम् संवेगनात्मक रूपमा असर बढी नै पर्ने हुँदा बालबालिकाहरू एस.एल.सी.उत्तीर्ण हुन नसक्ने अवस्था देखिएमा बालगृहले त्यस्ता बालबच्चाहरूलाई विभिन्न रोजगारमूलक तालिम दिई घरपरिवार साथै विभिन्न संघसंस्थाको जिम्मेवारी लगाई पुनरस्थापित गरेको पाइन्छ । तर प्रतिभावान र पढाईप्रति दिलचस्पी राख्ने बालबालिकाहरूको हकमा संस्थाले नै सम्पूर्ण खर्च व्यहोर्ने गरी उनीहरूले चाहेसम्मको शिक्षा दिने गरेको पनि पाइन्छ ।

### ६.१३.२ **पुर्नस्थापित कक्षा ५–१० सम्म पढ्ने बालबालिकाको विवरण**

बालगृहमा संरक्षित बालबालिकाहरू मध्ये सबै भन्दा बढी कक्षा ५-१० सम्म पढ्ने बालबालिकाहरू पुनरस्थापित भएको पाइन्छ । संरक्षितबालबालिकाहरू मध्ये कूल २७ जना बालबालिकाहरू मध्ये कक्षा ५-१० उमेर समुहका बालबालिकाहरू बालगृहबाट पुनरस्थापित भइसकेपछि के-कस्ता कार्यहरूमा संलग्नता रहे भन्ने जानकारी तालिका ६.८ बाट स्पष्ट देखाइएको छ ।

तालिका ६.८ः कक्षा ५-१० सम्मका संरक्षित बालबालिकाहरू पुनरस्थापित पछिको संलग्नता

| संलग्नता क्षेत्र | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सामुदायिक/निजी तहका विद्यालयमा अध्ययनरत | १५ | ५५.५५ | फिस्टेल एकेडेमी (५), ड्यामसाइड, गुडविल एकेडेमी, पारिवारिक सर्पोट, परिवारको आर्थिक वृद्धि, स्टेप वाइ स्टेप (३) एल.सि.एफ नेपाल, गोर्खा बाडिङ +२ सम्म पढ्ने |
| वैवाहिक बन्धनमा बाधिइ घरमै सिलाई व्यापार सञ्चालन | २ | ७.४१ | बालगृहबाटै सिलाइ तालिम लिएकी |
| पम्बलर पेसामा संलग्न हाल बागुलङ | ३ | ११.११ | ज्योति भोकेसनल ट्रेनिङ सेन्टर, घरमै बसी पम्बलर पेसामा आवद्ध |
| सहायक कुक, डुङ्गायवसायी/पेन्टर | २ | ७.४१ | हाल कार्यरत बाग्लुङ |
| इलेक्ट्रसियन | ३ | ११.११ | निजी फर्म बाग्लुङमा कार्यरत, कार्यरत पोखरा, निजी पसलमा कार्यरत |
| बिचमै पढाई छोडेको | २ | ७.४१ | सहयोग गर्ने व्यक्ति वाहिर सरेको |
| **जम्मा** | २७ | १०० | |

स्रोतः नमस्ते सामुदायिक प्रतिष्ठान वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ६.८ अनुसार कूल पुनरस्थाति कक्षा ५-१० सम्ममा अध्ययनरत बालबालिका २७ जना मध्ये बढी (५५.५५%) मात्राका बालबालिकाहरू विभिन्न संघसंस्थाहरूको सहयोगबाट फिस्टेल, गुडविल, स्टेप वाइ स्टेप, एल.सि.एफ जस्ता निजी स्कुलमा कुनैपनि किसिमको शुल्क नलाग्ने गरी अध्ययनरत रहेको पाइन्छ । पुनरस्थापित बच्चाहरूको सहयोगी बाहिर गई सहयोग नगर्दा २ जनाले बीचमै पढाई छाड्नु परेको तथ्य पाइन्छ भने बाँकी १० जनाले बालगृहबाटै सीपमुलक तालिम जस्तो सिलाई, पेन्टर, कुक, इलेक्ट्रीसियन, पम्बलरको तालिम लिई आफ्नै व्यवसाय साथसाथै विभिन्न निजी तथा संघसस्थमा जागिरे गरेको पाइन्छ ।

### ६.१३.३ पुर्नस्थापित एस.एल.सी. पास गरेका बालबालिकाहरूको संलग्नता

संरक्षित बालबालिकाहरू एस.एल.सी.उत्तीर्ण गरी पुनरस्थापित हुनेको संख्या पनि उल्लेखनीय नै रहेको पाइन्छ । पुनरस्थापित पश्चात् एस.एल.सी. उत्तीर्ण बालबालिकाहरूको संलग्नताको क्षेत्र तलको ६.९ बाट स्पष्ट देखाइएको छ ।

**तालिका ६.९ : संरक्षित बालबालिकाहरू कक्षा अनुसार पुनस्थापित विवरण**

| संलग्नता क्षेत्र | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सहायक कुक | ३ | २१४२ | प्रतिष्ठित होटेलमा कार्यरत, |
| बैदेशिक रोजगारमा | १ | ७.१४ | पहिला बेकरी पसलमा कार्यरत, हाल अरेवमा |
| +२ को मा अध्ययनरत | ४ | २८.५७ | गुडविल एकेडेमी, स्टेप वाइ स्टेप, उच्च, माध्यमिकमा पढ्दे रेष्टुरामा जागिर खादै, एन.सि.एफ. नेपालको सहयोगमा उच्च.मा.वि.मा अध्ययनरत |
| वेयटर पेसामा संलग्न | ३ | २१४२ | चारतारे होटलमा संलग्न लेकसाइडको नाम चलेको रेष्टुरा |
| शिक्षक | ३ | २१४२ | मन्टेश्वरी स्कुलमा कार्यरत, निजी स्कुलमा संलग्न, शिक्षक निजी |
| **जम्मा** | १४ | १०० | |

स्रोतः नमस्ते सामुदायिक प्रतिष्ठान वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ६. ९ अनुसार पुनरस्थापित एस.एल.सी. उत्तीर्ण बालबालिका १४ जना मध्ये बढी जसो (२८.५७%) बालबालिकाहरूले आफनो पढाईलाई निरन्तरता दिएको पाइन्छ । उनीहरूको पढाइको निरन्तरतामा विभिन्न सहयोगी दाताहरू बढी जिम्मेवार देखिन्छन् । उक्त बच्चाहरूको पढ्ने स्कूलको प्रकृति हेर्दा प्राय बच्चाहरू गुडविल एकेडेमी, स्टेप वाइ स्टेप उच्च माध्यमिक आदिमा पढ्दै गरेका साथै २१.४२ प्रतिशत कुक पेशामा आवद्ध, २१.४२ प्रतिशत वेयटरमा साथसाथै शिक्षक पेशामा पनि २१.४२ नै व्यतिथ गरेको पाइयो ।

यसरी उक्त तथ्याङ्कलाई हेर्दा बालगृह स्थित संरक्षित बालबालिकाहरू आफ्नो भविष्यका लागि एक न एक स्थानमा आवद्ध रहेको पाइयो । पुनरस्थापित बालबालिकाहरूलाई एक न

एक संघसंस्थाहरूले आधार गरेतापनि नमस्ते सामुदायिक प्रतिष्ठान भने प्रमुख मध्यस्तकर्ताको भूमिका प्रतिष्ठान नै रहेको पाउन सकिन्छ ।

### ६.१३.४ पुर्नस्थापित +२ पास गरेका बालबालिकाहरूको संलगनता

संरक्षित बालबालिकाहरू +२ पास गरी कर्म स्थल बनाई विभिन्न क्षेत्रमा कार्य गरेको पाइन्छ । बालगृहबाट संरक्षित एवम् विभिन्न सीपमूलक तालिम पश्चात् उनीहरू जागिरको लागि सक्षम भएको पनि देखिन्छ । पुनरस्थापित भइसकेपछि के-कस्ता कार्यहरूमा संलग्नता रहे भन्ने जानकारी तालिका ६.१० बाट स्पष्ट देखाइएको छ ।

तालिका ६.१० : पुर्नस्थापित +२ पास गरेका बालिबालिकाहरूको संलग्नता

| संलग्नता क्षेत्र | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| निजी व्यापारमा विक्रेता | १ | ४.२८ | NCF नेपाल |
| प्राथमिक विद्यालयमा शिक्षक | १ | ४.२८ | पहिला बेकरी पसलमा कार्यरत, हाल अरेवमा |
| एकाउन्टेन्ट, पाराग्लाइडिङ कम्पनी | १ | ४.२८ | |
| डिपार्टमेन्टल स्टोर्समा एकाउन्टेण्ड | १ | ४.२८ | |
| छपाई कम्पनीमा कार्यरत | १ | ४.२८ | |
| गृहणी, अनि आफ्नै निजी व्यापारमा संलग्न | १ | ४२८ | |
| नसिङ पढाईको लागि भर्ना | १ | ४.२८ | सहयोगीदाताबाट पढाइ अनि आवासको सम्पूर्ण खर्च व्यहोर्ने गरी |
| **जम्मा** | ७ | १०० | |

स्रोतः नमस्ते सामुदायिक प्रतिष्ठान वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ६.१० अनुसार पुनरस्थापित +२ उत्तीर्ण बालबालिका ७ जना मध्ये सबै भिन्न भिन्न क्षेत्र जस्तै निजी व्यापारमा विक्रता, प्राथमिक विद्यालयमा शिक्षक, एकाउन्टेन्ट, पाराग्लाइडिङ कम्पनी, एकाउन्टेन्ड, डिपार्टमेन्टल स्टोर्स, गृहणी अनि आफ्नै व्यापार साथै नर्सिङ पढाइको लागि समेत संलग्नता रहेको पाइयो । एस.एल.सी. पश्चात् +२ साथै अन्य अध्ययनको लागि धैरैजसो PCF नेपालले सहयोग गरेको पाइयो । कुनैको आवास सहित सम्पूर्ण व्यहोर्ने गरी कुनैको अध्ययन सामाग्री र अध्ययन खर्च व्यहोरेको पाइयो । यसरी

उक्त तथ्याङ्कलाई हेर्दा बालगृह स्थित संरक्षित, पुनरस्थापित बालबालिकाहरूको निम्ति सहयोगी दाताहरू, सहयोगी हातहरू खोज्ने कार्यको भूमिका नमस्ते सामुदायिक प्रतिष्ठान नै रहेको पाइयो ।

### ६.१३.५ पुर्नस्थापित व्याचलर पास गरेका बालबालिकाहरूको संलग्नता

संरक्षित बालबालिकाहरू बि.ए.पास गरी पुर्नस्थापित भई विभिन्न क्षेत्रमा कार्य गरेको पाइन्छ । बालगृहले अध्ययनको साथसाथै विभिन्न सीपमूलक तालिम पश्चात् उनीहरू आफ्नो रोजीरोटीको लागि सक्षम भएको देखिन्छ । पुनरस्थापित भइसकेपछि के-कस्ता कार्यहरूमा संलग्नता रहे भन्ने जानकारी तालिका ६.११ बाट स्पष्ट देखाइएको छ ।

**तालिका ६.११ : पुर्नस्थापित स्नातक तह पास गरेका बालिबालिकाहरूको संलग्नता**

| संलग्नता क्षेत्र | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सुपरभाइजर एक प्रतिष्ठित होटल | १ | ३३.३३ | सुपरभाइजर प्रतिष्ठित होटल, इन्स्टिच्युटहरूमा ट्रेनरको रूपमा कार्यरत, पाराग्लाइड कम्पनी |
| एकाउन्टेन्ट पाराग्लाइड कम्पनी | १ | ३३.३३ | विदेश जान तरखर |
| खाद्ध संस्थानमा कार्यरत | १ | ३३.३३ | |
| **जम्मा** | ३ | १०० | |

स्रोतः नमस्ते सामुदायिक प्रतिष्ठान वार्षिक रिपोर्ट, २०७१ ।

तालिका ६.११ अनुसार संरक्षित बालबालिकाहरूमध्ये ३ जनाले बि.ए.उत्तीर्ण गर्न सफल भइसकेको पाइन्छ जुन उत्तीर्णले नमस्ते सामुदायिक प्रतिष्ठानको स्थान उचो भएको समेत पाउन सकिन्छ । बि.ए.उत्तीर्ण पुनरस्थापित बालबालिकाहरू जो देशको कर्मठ युवक नागरिक भइसकेको र उनीहरू पनि आफ्नो रोजीरोटीको लागि विभिन्न संघ संस्था जस्तो होटल, पाराग्लाइड कम्पनी, खाद्ध संस्थानमा संलग्न भएको पाउन सकिन्छ ।

# अध्याय : सात

## सारांश, निष्कर्ष एवम् सुझाव

यस अध्यायमा अध्ययनको मुख्य सार निकालिएको छ । जसमा सारांश, मुख्य प्राप्तिहरू, निष्कर्ष र सुझावहरू समावेस गरिएको छ ।

### ७.१ सारांश

नेपालको सन्दर्भमा 'बालबालिका' भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई सम्झनुपर्दछ । त्यस्तैगरी बालबालिकाको सम्बन्धमा "बालबालिकाको अधिकार सम्बन्धी सरोकार" नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । "बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार" भन्ने उद्घोसका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रूपले आवाज बुलन्द गरे तापनि विकसित मुलुकहरूमा प्रायः बच्चा जन्माउने चाहना नराख्ने चाहना भइ बच्चा भइहाले पनि बालबालिकाको स्तनपान गराउने अवस्थादेखि बयस्क अवस्थासम्म सही लालनपालन नहुँदा, बढ्दो आधुनिकता, व्यस्थता, सानो सानो टकरावले सम्बन्ध विच्छेद जस्ता कारण बाबुआमा बालबालिकाहरूप्रति पूर्ण समर्पण भएको पाइदैन । धेरैजसो मुलुकहरूमा त सरकारले नै १८ वर्ष नपुगिन्जेलसम्म उनीहरूको सम्पूर्ण जिम्मेवारी व्यहोर्ने गरेको पाइन्छ । तर अल्पविकसित, विकासोन्मुख मुलकका भने अति गिरिवीता, राजनीतिक अस्थिरता, द्वन्दपीडित, भैपरी विपत्ती आदी कारणहरूबाट नै बढी बालबालिकाहरू असंरक्षित जीवन व्यतित गर्न बाध्य छन् ।

नेपालमा अनाथ बालबालिकाहरूको संरक्षण एवम् कल्याणकारी कार्यको लागि कार्य गर्ने सरकारी, गैरसरकारी, निजी संघसंस्थाहरू थुप्रै छन्तापनि सबै संघसंस्थाले सबैखाले निरिह, बेसहारा बालबालिकाको कल्याणको निमित्त कार्य गर्न सकिरहेको पाइँदैन । कास्की जिल्लाका सन्दर्भमा २ वटा नगरपालिका लगायत सम्पूर्ण गा.वि.स.मा बालबालिकाको कानुनी संरक्षणको निमित्त सन् २००४ देखि युनिसेफको सहयोगमा पारालिगल समितिहरू गठन भएपछि ठूलो मात्रामा बालबालिका विरुद्ध भएका घटनाहरूको उजुरी सुनुवाई भएको

पाइन्छ । अझ जिल्लामा सञ्चालन रहेको निःशुल्क बाल हेल्पलाईन (१०९८) गठन पश्चात् भने बालबालिका माथि पर्ने पीरमर्का, सरक्षककर्ताहरूबाट नै हुने अनेक प्रकारका दुर्व्यवहार र हिंसाहरू खुल्लारूपमा आउन नसकेपनि अन्तिम चरमसम्म पीडित हुनुपुग्दा केही गुनासाहरू बाहिर खुल्ला रूपमा आउन सहयोग भने पुगेको पाइन्छ ।

## मुख्य प्राप्तिहरू

### सामाजिक जनसाङ्ख्यिक विवरण

- अनाथ, बेसहारा बालबालिकाहरू मध्ये केटाको भन्दा केटीको संख्या बढी (५२.७२%) बालगृहमा आश्रय लिएका पाइयो ।
- उमेरको हिसावमा विशेषगरी ११-१५ वर्षसम्मका बालबालिकाहरू सबैभन्दा बढी (५६.३५%) बालगृहमा आश्रय लिइएका पाइयो ।
- धार्मिक दृष्टिले हिन्दुधर्म मान्ने बालबालिकाहरू (९६.३६%) रहेको पाइयो भने जातजातियतामा जनजाति (३८.१८%) र दलित (३२.७२%) बालबालिकाहरू बढी बालगृहमा संरक्षित रहेको पाइयो ।

### आश्रित बालबालिका अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु

- बाबुआमा वा दुई मध्ये १ अभिभावक गुमाएकामा सबैभन्दा बढी (५२.७४%) बालबालिकाहरू आफ्ना बाबुआमा दुवै गुमाएका पाइयो भने आमा मात्र हुने (३०.९०%) र बाबा मात्र हुने (७.२७%) रहेको पाइयो ।
- आमा गुमाएको कारणमा सबैभन्दा बढी (४१.८१) ले मृत्यु भएर भन्ने जानकारी दिए भने बाँकी १२.७४ प्रतिशतले अन्त्यै विवाह गरी गएको र ५.४५ प्रतिशतले बाबासँग सम्बन्ध विच्छेद गरी गएको तथ्य दिएको पाइयो ।
- बाबा नहुनुको कारणमा मृत्यु भएर सबैभन्दा बढी (६३.६३%) रहेको बाकी ५ जना (९.०९%) ले आमाले पहिलो बाबालाई छोडी अर्को विवाह गर्दा आमासँगै जाँदा बाबासँग सम्बन्ध टुटेको र ३।३ जना (५.४६%)ले बाबा बैदेशिक रोजगारबाट नआएको र जेलमा परेको जानकारी दिए ।
- पारिवारिक आर्थिकस्थितिको सम्बन्धमा अत्यधिक (६०%) बालबालिकाको परिवारको अवस्था अति गरिवी रहेको पाइयो ।

- बाबा भएका बालबालिकाकाहरूको बाबाको पेशाको सम्बन्धमा ६ जनाले कृषि पेसामा संलग्न (१०.९१%), २ जना (३.६४%) बैदेशिक रोजगार र १ जना (२.१५%) मिस्त्रि रहेको जानकारी पाइयो ।
- आमा भएका बालबालिकाहरूको आमाको पेशामा कृषि (२३.६३%), निजी जागीर (९.०१%) रहेको पाइयो ।
- मुख्य रूपमा बालबालिकाहरू घरपरिवार छाड्नको कारण कमजोर आर्थिक अवस्था बताउने (७२.७२%) रहेको र बाँकी बाबाआमाको सम्बन्ध विच्छेद हुँदा सौतेनी आमा/बाबाको हिंसाबाट घर त्याग्नु परेको, आमाबाबु दुवै मृत्यु भएको, आमाबाबा थाहै नै नभएको, दैविक प्रकोपबाट पीडित हुँदा सहारा पाउन नसकेर घर त्यागेको बताए ।

**बालबालिकाहरू गृह आउनु पूर्व एवम् पश्चात्को अवस्था पहिचान गर्नु**

- बालबालिकाहरू परिवारबाट अलग भए पश्चात सबैभन्दा बढी (३६.३६%) ले सडकमा दिन बिताएको, आफन्तकोमा सहारा लिएको (२३.६३%), घर या होटलमा काम गरी बसेको (२०.०२%), र जेलमा बाबुसँगै (५.४५%) रहेको पाइयो ।
- बालबालिकालाई संरक्षण एवम् उद्धारको हिसावले बालगृहसम्म लान सहयोग पुऱ्याउनेमा अत्यधिक (४७.२७%) मात्रामा संघसंस्थाको पहलबाट नै रहेको पाइयो भने छिमेकी/आफन्तको सहयोगबाट (३४.५५%), घरपरिवारबाटै (५.४५%) र अन्य विविधकारणबाट आश्रय लिन पुगेको जानकारी पाइयो ।
- बालगृहमा बालबालिकालाई दिइएको सुविधामा खानबस्न मात्र नभई उनीहरूलाई अन्य बालबालिका सरह शिक्षा, स्वास्थ्य, छात्रवृत्ति, अतिरिक्त क्रियाकलापमा मनोरञ्जनात्मक कार्यहरू समय अनुसार विभिन्न जात धर्म अनुसारका चाडपर्वहरू मनाउने, आवश्यक मात्रामा तालिमको सुविधा पनि रहेको पाइयो ।
- आश्रित शतप्रतिशत बालबालिकाहरूलाई निजी विद्यालयमा नै पढाइएको पाइयो ।
- आश्रित बालबालिकाको भविष्यको इच्छामा शिक्षक/शिक्षीका बन्ने सबैभन्दा बढी (१८.१८%), त्यसपछि डाक्टर, समाजसेवी, खेलाडी, नर्स, आर्मी, पुलिस व्युटिसियन, लेखिका, कोरियोग्राफर, एयर होस्टेज बन्ने बताएको पाइयो ।
- संरक्षित बालबालिकाहरू अध्ययन पश्चात् रोजगारीको अवसर सुनिश्चित हुनुपर्ने बताए भने सरकारको तर्फबाट पनि यस्ता बालगृहको मात्र मुख नताकि गरिव तथा

अनाथहरूको लागि गासवासको व्यवस्था मिलाइदिनुपर्ने, अनाथ बालबालिकाहरूलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउनुपर्ने, पढाई पश्चात् रोजगारीको व्यवस्था ग्यारेन्टी गरिदिनुपर्ने बताए ।

- घरपरिवारमा पुर्नस्थापना (फर्कन) चाहना राख्ने २३.६३ प्रतिशत भएपनि रोजगारीको अवसर पाए मात्र हुन चाहेको, ७.२७ प्रतिशतले घर फर्कन चाहनाभएपनि आफ्नो परिवार नै छैन कहाँ जाने भन्ने जवाफ पाइयो ।
- संरक्षित बालबालिकाहरू सबैभन्दाबढी कक्षा ५-१० सम्मका २७ जना (५९.९५%) बालबालिकाहरू पुनरस्थापित भएको पाइन्छ । अन्य एस.एल.सी पास हुने १५ जना, +२ पास हुने ७ जना, वि.ए. पास हुने ३ जना रहेको पाइन्छ ।
- पुनरस्थापित भएका कक्षा ५-१० सम्मका बालबालिकाहरू धेरैजसो १५ जना (५५.५५%) पुनरस्थापित भई विभिन्न संघसंस्थाको सहयोगबाट निजी विद्यालयमा नै पढेको पाइयो । अन्य अलि पढाईमा कमजोर हुनेहरू बालगृहले दिएको तालिमबाट विभिन्न सिममूलक व्यवसाय कुक, पम्बलर, सिलाई बुनाई, इलेक्ट्रिसियन, पेन्टर डुङ्गा व्यवसायीमा संलग्न रहेको पाइयो ।
- पुनरस्थापित एस.एल.सी. पास भएका बालबालिकाहरू धेरैजसो (२८.५७%) +२ मा अध्ययनरत रहेको पाइयो । शिक्षण पेशा अगाल्नेमा २१.४२ प्रतिशत रहेको पाइयो । अन्यमा फाउण्डेशनले दिएको सीपमुलक तालिमबाट विभिन्न सिपमुलक जस्तो कि कुक, बैदेशिक रोजगार, वेटरमा कार्यरत रहेको पाइयो ।
- पुनरस्थापित भएका +२ पास भएका बालबालिकाहरू धेरैजसो १५ जना (५५.५५%) पुनरस्थापित भई विभिन्न संघसंस्थाको सहयोगबाट निजी विद्यालयमा नै पढेको पाइयो । अन्य अलि पढाईमा कमजोर हुनेहरू बालगृहले दिएको तालिमबाट विभिन्न सिममूलक व्यवसाय कुक, पम्बलर, सिलाई बुनाई, इलेक्ट्रिसियन, पेन्टर डुङ्गा व्यवसायीमा संलग्न रहेको पाइयो ।
- संरक्षित बालबालिकाहरू मध्ये पढाइमा रुची राखी अध्ययन कार्य सफलता बनाउन रुची राख्ने बालबालिकाहरूलाई फाउण्डेशनले पूर्ण सहयोग गरेको पाइयो । त्यसैले यस फाउण्डेसनबाट ३ जना बालबालिकाहरूले व्याचलर पास गरिसककेको र उनीहरू विभिन्न संघसंस्थामा विविध पदमा कार्यरत रहेको पाइयो ।

## ७.२ निष्कर्ष

बालबालिकाको अधिकार सम्बन्धी सरोकार नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । यस शोध अध्ययनमा अनाथ, बेसहारा जनजाति/दलित समुदायका हिन्दुधर्म मान्ने बालक भन्दा बालबालिकाहरूको संख्या बढी हुनाले अझै पनि समाजमा छोरीहरूमाथि बढी हिंसापूर्ण व्यवहार गरिने तथ्याङ्कबाट थाहा हुन आउँछ ।

बालबालिकाहरू प्रायगरी असंरक्षित हुने भनेको मुख्य रूपमा आर्थिक स्थिति साञ्है नै कमजोर त्यसमा पनि बाबुआमा नहुँदा प्रत्यक्ष प्रभावमा साना अबोला बालबालिकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोहीकतै नहुने हुँदा बाबाआमाको मायाजस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी बाबा/आमाको हिंसा, द्वन्द पीडित, दैविक प्रकोप, राजनीतिक अस्थिरता, बाबुआमाले कुकार्य गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।

घरपरिवारबाट अलग एवम् विपतिबाट आफ्ना परिवार गुमाए पश्चात् बालबालिकाहरू सबैभन्दा बढी सडकमा नै जान बाध्य हुने यस अध्ययनबाट प्राप्त हुन्छ । आफन्तकोमा सहारा लिने बाँच्नको लागि बिहान बेलुकको खाना टार्नको लागि घर या होटलमा विना शुल्क काम गर्न पनि बाध्य भएको पाइन्छ भने चरम गरिबिका कारण आफ्नै बाबाआमाले सिधै बालगृह, घर या होटलमा कार्य गर्न पठाउने गरेको पनि पाइन्छ । हाल बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नारा विश्वबाटै प्रसारित भई नेपालमा पनि यसको सरकारी तथा निजी क्षेत्रबाट कार्यान्वयन सुरु भएको पाइन्छ । त्यसमा पनि सामाजिक भावनाले खोलिएका सामाजिक संस्थाहरूबाट नै बढी मात्रामा बालबालिकाहरूको लागि संरक्षण एवम् सम्बर्द्धन गरी उनीहरूको उचित आवास, शिक्षा, तालिम, रोजगारको व्यवस्था गर्नाले संरक्षित बालबालिकाहरू आफ्नो आश्रय पूर्वको दिनचर्यालाई सम्झी अन्य अलपत्र, अनाथ भएका बालकालिकाहरूलाई पनि निजी क्षेत्रका संघसंस्थाले भन्दा सरकारले नै उनीहरूको संरक्षण, सम्बर्द्धन एवम् रोजगारीको ग्यारेन्टी गरिदिनुपर्ने तथ्य यस अध्ययनबाट पुष्टि हुन्छ ।

संरक्षित बालबालिकाहरूको अध्ययन पश्चात् बालबालिकाहरूको पारिवारिक आर्थिक वृद्धि, बालबच्चाहरूको अध्ययन, सिप, तालिम पश्चात् उनीहरूलाई पारिवारिक, आफ्ना नातागोता, इष्टमित्र, र अन्य संघसंस्थाको पहलमा पुनरस्थापित भएको पाउन सकिन्छ । पुर्नस्थापित बालबालिकाहरू मध्ये सबैभन्दाबढी कक्षा ५-१० सम्मका २७ जना एस.एल.सी.पास गरेका १४ जना, +२ पास हुने ७ जना र व्याचलर पास ३ जना रहेका पाइयो । उक्त पुर्नरस्थापित बालबालिकाहरू सबैजसो आयमुलक कार्यमा लागेको पाइयो ।

## ७.३ सुझावहरू

- हरेक मानिस "मानवको रूपमा बाँच्न पाउने"अधिकारलाई मनन गरी बालबालिका हरूप्रति आफ्नो जिम्मेवारी पूर्ण गर्नुपर्ने गैर जिम्मेवारीपूर्ण, गैरकानुनी तवरबाट यौन सम्पर्क गरी जन्मिने बालबालिकाहरू र तिनीहरू संरक्षणको अभावमा खोला, जङ्गल, ताल नदि किनारमा फालि मानवप्रति गरेको जघन्य अपराधीहरूलाई सोही कार्य अनुरूपको दण्ड जरिवाना गरिने नीति कार्यान्वयनमा ल्याइनुपर्ने ।
- "घाँटी हेरी हाड निल्नु" भने झै आफ्नो औकात हेरी बालबच्चाहरूलाई जन्म दिइनुपर्ने, छोरा वा छोरीको चाहनामा व्यग्रेती बच्चाहरू जन्माइ उनीहरूको मानसिकतामा ठेस पुग्ने कार्य गर्नुनहुने सो सम्बन्धी समाजमा बढी भन्दा बढी जनचेतना फैलाउनुपर्ने ।
- सरकारले जातजाति भन्दा पनि वर्ग विशेषलाई मान्यता दिई गरिब तथा विपन्न परिवारलाई आर्थिक उन्नति हुने खालका कार्यमा संलग्न गराउने योजना बनाई गरिवीको रेखाबाट माथि ल्याइनुपर्ने । बाडीपीडित, द्वन्दपीडित परिवार गुमाएका बालबालिकाहरूलाई जिम्मेवारीपूर्ण स्वच्छ भावले राहत स्वरूपका योजनाहरू कार्यान्वयनमा ल्याउनु पर्ने ।

# सन्दर्भसामग्रीहरू


अनौपचारिक सेवा केन्द्र (२०७०), *इन्सेक,* क्षेत्रीय कार्यालय, कास्की, पोखरा ।

कम्युनिटि सपोर्ट ग्रुप (२०६८), कास्की, नेपाल ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), नेपाल सरकार, काठमाडौं ।

केन्द्रिय तथ्याङ्क, विभाग (२००८), *नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन,* नेपाल सरकार, काठमाडौं ।

केन्द्रिय बाल कल्याण समिति (२०६८) *नेपालमा बालबालिकाको स्थिति,* कास्की नेपाल ।

केन्द्रिय बाल कल्याण समिति (२०६९), *नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन* ।

जिल्ला एड्स समन्वय समिति (२०७०) असार ।

जिल्ला बाल कल्याण समिति (२०६८), *कास्कीमा बालबालिकाको स्थिति,* कास्की, पोखरा ।

जिल्ला बाल कल्याण समिति, कास्की (२०७०), *कास्कीका बालबालिकाको स्थिति,* नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय केन्द्रीय बाल कल्याण समिति, पोखरा ७, रत्नपुरी ।

नमस्ते सामुदायिक प्रतिष्ठान (२०७०), *वार्षिक रिपोर्ट,* पोखरा -६, बैदाम, लेकसाईड, नेपाल

नमस्ते सामुदायिक प्रतिष्ठान (२०७१), *वार्षिक रिपोर्ट,* पोखरा -६, बैदाम, लेकसाईड, नेपाल

पोखरा उपमहानगरपालिका (२०७०), *वार्षिक रिपोर्ट,* कास्की पोखरा ।

पोखरा उपमहानगरपालिका (२०७१), *वार्षिक रिपोर्ट,* कास्की पोखरा ।

नेपाल सरकार, महिला तथा बालबालिका मन्त्रालय (२०७०), *बालबालिकाको स्थिति,* सिंह दरवार, काठमाडौं ।

युनिसेफ (२०१२), *विश्वमा बालबालिकाको अवस्था,* कास्की, पोखरा ।

विश्व श्रम सङ्गठन र केन्द्रिय तथ्याङ्क विभाग (२०११), कास्की पोखरा ।

सिविन बालहेल्पलाईन पोखरा (२०७०), *बालबालिकाको स्थिति,* कास्की पोखरा ।

Acharya, U. (2002). *Primary education in Nepal: Policy,problems and prospects.* Kathmandu: Ekata Books, Nepal.

Adhikari, Bedhari (2007). *Child care and socialization many the squatters of Peepaldali Village of Sarangkot.* An Unpublished Master Degree Thesis Submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanity and Social Science, Department of Sociology/Anthropology.

Basnet, Sharmila (2009). *A study on perception of community towards street children in Pokhara city.* An Unpublished Master Degree Thesis Submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanity and Social Science, Department of Sociology/Anthropology.

Bhargava, P.H. (2003). *The elimination of child labour: Whose responsibility?* New Delhi, India: Sage Publications.

Chhetri, Meena (2014). *Socio-econoic conditions of the domestic child workers in Nepal: A case study of Pokhara Sub-Metropolitancity ward number7&8.*An Unpublished Master Degree Thesis Submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanity and Social Science, Department of Sociology/Anthropology.

Child Welfare Society (1996). *Situation analysis of street children in Nepal.*Submitted to UNICEF Nepal, Pokhara Kaski, Nepal.

CWIN (2004). *State of the child rights in Nepal: Annual Report.* CWIN, Kathmandu, Nepal.

HMG/MOES & UNESCO (2003). *Education for all: National plan of action Nepal (2001-2015).* HMG/MOES, Nepal National Commission for UNESCO, and UN ESCO Nepal.

HMGN/CBS(2010). *Statistical year book. Nepal government*, National Planning Commission, Central Bureau of Statistics, Nepal.

Joshi, G.P. (2003). *The story of the primary educational of Nepal.* Faculty of Educational, Prithvi Narayan Campus, Pokhara, Kaski, Nepal.

K.C., Manu (2010). *Situation of street children: A case study of Butwal Municipality.* An Unpublished Master Degree Thesis Submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanity and Social Science, Department of Sociology/Anthropology.

Pradhan, B. & et.al (1980). *Child development study in Nepal.* Implications for policy and Training, Kirtipur, Kathmandu: CEDA, T.U.

Pradhan, Gauri (2006). *Bal Samrachan,* CWIN, Nepal, Rabibhawan, Kathmandu.

KC, M. (2010). *Situation of street children : A case study of Butwal municipality.* An Unpublished Master Degree Thesis, Submitted to the Department of Sociology/ Anthropology, Prithvi Narayan Campus , Pokhara.

Shrestha, K. (No Date). *Socio-economic status of street children: A case study of Pokhara Valley*. An Unpublished Master Degree Thesis, Submitted to the Department of Sociology/ Anthropology, Prithvi Narayan Campus, Pokhara.

Shrestha, Kirti (2011). *Socio economic status of street children: A case study of Pokhara Valley.* An Unpublished Master Degree Thesis Submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanity and Social Science, Department of Sociology/Anthropology.

Standards for Operation and Management of Residential Child Care Homes, 2012, Nepal Government, Ministry of Women, C hildren and Social Welfare.

U NICEF (2004). *The state of the world's children 2004.* The United N ations Children's Fund, Un icef House, 3 UN Plaza, New York, NY 10017, USA.

**Websites**

http://www.americanbar.org/content/dam/aba/publishing/insights_law_society/ChildProtectionHistory.authcheckdam.pdf

Shrestha, K. ( No date), *Socio-economic status of street children: A case study*

http://www.childinfo.org/files/Childprotection_EPDRCLitReview_final_lowres.pdf

http://en.wikipedia.org/wiki/Children's_rights retrieved on 20th, January, 2015

http://www.yesican.org/definitions/who.html Retrieved 20 January, 2015

http://en.wikipedia.org/wiki/Children's_rights retriev ed on 20 th January, 2015

http://unicef.org.np/uploads/files/344006198179237619-npa-english-version-final.pdf retrieved on 20th January, 2015

http://en.wikipedia.org/wiki/Children's_rights retriev ed on 20 th January, 2015

http://www.americanbar.org/content/dam/aba/publishing/insights_law_society/ChildProtectionHistory.authcheckdam.pdf

Joshi, (2003) : http://en.wikipedia.org/wiki/Children's_rights.

# अनुसूचि एक

## अन्तर्वार्ता अनुसूचि

*- शोधकर्ता प्रेम प्रकाश शर्मा गौतम*
पृ.ना.क्या.पोखरा

**सामान्य परिचय** **मितिः**

**बालबालिकाको नाम** … … … … … … … … … … … … … … … … … …

१. लिङ्ग (क) महिला (ख) पुरुष

२. उमेरः (क) १ देखि ५ (ख) ६-१०

(ग) ११-१५ (घ) १६ वर्ष भन्दा माथि

३. धर्मः (क) हिन्दू (ख) मुस्लिम (ग) बौद्ध

(घ) ख्रिश्टियन (ङ) अन्य

४. जातः (क) ब्राह्मण/क्षेत्री (ख) जनजाति (ग) दलित

(घ) अन्य …….

६. कक्षाः

(क) नर्सरी देखि यू.के.जी.सम्म (ख) १ देखि ५ सम्म

(ग) ५-एस.एल.सी. म्म (घ) एस.एल.सी. भन्दा माथि

**बालबालिकाको सामाजिक पृष्ठभूमि बुझ्नु**

७. तिम्रो बाबा आमा दुवै हुनुहन्छ ?

(क) दुवै हुनुहुन्छ (ख) बाबा मात्र हुनुहुन्छ

(ग) आमा मात्र हुनुहुन्छ। (घ) दुवै हुनुहुन्न

८. तिम्रो आमा के कारणले हुनुनभएको हो नि ?

(क) मृत्यु भएर (ख) अन्त्यै विवाह गरी गएर

(ग) बाबासित छोडपत्र गरी बसेर

९. तिम्रो बाबा के कारणले हुनु नभएको हो नि ?

(क) मृत्यु भएर (ख) बैदेशिक रोजगारबाट नफर्केर

(ख) आमाले अर्को विवाह गर्दा साथ लिइ आउँदा बाबासँग बिछोड भएर

१०. तिम्रो परिवारको आर्थिक अवस्था कस्तो छ थाहा छ?

(क) अति गरिवी (ख) गरिवी

(ग) केही समय खान पुग्ने (घ) वर्षभरी खान पुग्ने

११. तिम्रो बाबाले के पेशा अगाल्नु भएको छ ।

(क) कृषि (ख) सरकारी जागिर (ग) निजी जागिर

(घ) व्यापार/व्यवसाय (ङ) बैदेशिक रोजगार (च) अन्य ...

१२. आमाले के पेशा अगाल्नु भएको छ ?

(क) कृषि (ख) सरकारी जागिर (ग) निजी जागिर

(घ) व्यापार/व्यवसाय (ङ) बैदेशिक रोजगार च) अन्य ...

१३. तिमीलाई आफ्नो परिवार छोड्न के कारणले बाध्य बनायो ?

(क) घरको आर्थिक अवस्था कमजोर भएर

(ख) बाबाले अर्को विहे गरी सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर

(ग) आमाले अर्को विहे गरेर

(घ) बाबा आमाको सम्बन्ध विच्छेद भएर

(ङ) बाबा आमा नै को भन्ने थाहा नभएर

(च) अन्य ....

१४. घर छाडे पश्चात् तिमी पहिला कहाँ सम्पर्क गर्‍यौ ?

(क) सडकमा भौतारिए, (ख) अर्काको घर/होटलमा काम गरी बसे

(ग) (घ) अन्य . . .

**बालगृह आउनुपूर्व र बालगृह आए पश्चात्को अवस्था पहिचान गर्नु ।**

१५. बालगृह आउनु पूर्व तिमीले कहाँ कहाँ के के क्रियाकलाप गर्‍यौ?

(क) आफ्नै घरपरिवार साथ रहनु ।

(ख) घर या होटलमा बाल श्रम गर्नु ।

(ग) सडकमै दीन बिताइ प्लाष्टिका समाग्री बटुली बेच्ने कार्य गर्नु ।

(घ) चोरी एवम् लागू औषधको कुलतमा फस्नु ।

१६. बालगृह आउनु पूर्वको दिनचर्याको कस्तो थियो भन्न सक्छौ ?

.........................................................................................

.........................................................................................

.........................................................................................

१७. तिमी कसको सहयोग मार्फत् यस गृहमा आयौ ?

(क) घरपरिवारबाटै (ख) छिमेकीको /नातेदारको सहयोगबाट

(ग) संघसंस्थाको सहयोग मार्फत् (घ) अन्य ...

१८ यस गृहमा तिमीलाई केके कुरामा सुविधा दिएको छ ?

(क) खानबस्न (ख) शिक्षा/तालिम

(ग) स्वास्थ्य/सरसफाई/लत्ता कपडा (घ) क र ख मात्र

(ङ) पूर्ण छात्रवृत्ति

१९. तिमी पढ्ने स्कुल कस्तो प्रकृतिको हो ?

(क) सामुदायिक (ख) निजी (ग) अन्य अनौपचारिक शिक्षा

२०. यस संस्थाले पढाईको अतिरिक्त अन्य कुन कुन क्रियाकलापहरू सिक्न टेवा पुऱ्याएको छ ?

(क) स्वास्थ/सरसफाई सम्बन्धी (ख) खेलकुद एवम् साँस्कृतिक कार्यक्रम

(ग) तालिम/सामाजिक (घ) विविध

२१. भविष्यमा तिमी के गर्ने इच्छा लिएका/लिएकी छौ ?

..........................................................................................................

..........................................................................................................

२२ यस फाउण्डेसन समक्ष तिम्रो कस्तो प्रतिक्रिया छ?

..........................................................................................................

..........................................................................................................

२३. यस फाउण्डेसनले के गरिदिए यहाँ आश्रित बालबालिकाको निम्ति अझ राम्रो हुन्छ ?

..........................................................................................................

२४. तिम्रो विचारमा यस फाउण्डेसन जस्तै अन्य संघसंस्था लगायत नेपाल सरकारले के गरिदिए तिमी जस्ता बालबालिकाहरूको हितको निम्ति राम्रो हुन्छ ?

..........................................................................................................

२५. तिमीलाई तिम्रो घरपरिवारमा पठाउन (पुर्नस्थापना) खोजे तिमि जान चाहन्छौ ?

..........................................................................................................

**सहयोगको लागि धन्यवाद**

# अनुसूचि दुई

## मुख्य सूचनादातासँगको अन्तर्वार्ता अनुसूचि

२६. यस संस्थाको मुख्य उद्‌देश्य के हो?

..................................................................................................

..................................................................................................

२७. यस संस्थामा आश्रीत बालबालिकाहरू कसरी, को मार्फत् ल्याउनुभयो ?

..................................................................................................

..................................................................................................

२८. प्रायजसो यहाँ आश्रित बच्चाहरू कस्तो कस्तो पारिवारिक पृष्ठभूमिबाट आएका छन्?

..................................................................................................

..................................................................................................

२९. तपाईको विचारमा के कारणले गर्दा बच्चाहरू यहाँ आउन बाँध्य हुन्छन्?

..................................................................................................

..................................................................................................

३०. बालबालिकाहरूको लागि कुन कुन क्षेत्रमा कस्तो योगदान गर्दै आउनु भएको छ?

..................................................................................................

..................................................................................................

३१. बच्चाहरूको आवश्यक पूर्वाधारको लागि खर्च कहाबाट जुटाउनु भएको छ ?

..................................................................................................

..................................................................................................

३२. यहाँ आश्रित बच्चाहरूलाई पुर्नस्थापित गर्ने कार्यमा जुट्नुभएको छैन ?

..................................................................................................

..................................................................................................

३३. सरकारले गर्ने कार्य तपाईले गर्नुभएको छ? के देखेर तपाईले यस्तो बेसाहारा बच्चाहरू समेट्ने जस्तो झन्झटिलो, कार्य अगाल्नु भएको हो ?

..................................................................................................

..................................................................................................

३४. अन्तमा बालबच्चा बेसहारा नहोउन् भन्नका लागि तपाई के भन्न चाहनुहुन्छ ?

..................................................................................................

..................................................................................................

★★★

# अनुसूचि तिन

## अध्ययन क्षेत्रको नक्सा




**अध्ययन क्षेत्र**

# अनुसूचि चार

## अध्ययन क्षेत्रमा लिइएका केही फोटाहरू










Namaste Community Foundation
नमस्ते सामुदायिक प्रतिष्ठान
www.ncf-nepal.org
061-462449
10th Anniversary
"Celebrating 10th year of Success"
10th June 2013


Namaste Community Foundation
नमस्ते सामुदायिक प्रतिष्ठान
www.ncf-nepal.org
061-462449
10th Anniversary
"Celebrating 10th year of Success"
10th June 2013